प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक १८५ काठमाडौं आइतबार, २० कात्तिक २०७९ Prabhab National Daily Sunday, November 6, 2022 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

'लौरो अभियान'ले मेयर बालेनलाई अप्ठ्यारो

आयोगले सोध्यो स्पष्टीकरण

प्रभाव संवाददाता

- अनन्तराज घिमिरे र काठमाडौं-२ का उम्मेदवार कोषराज सुवेदीलाई एक लाख जरिवानाको चेतावनी
- महानगर प्रमुख बालेन्द्र शाहलाई आयोगको प्रश्न : हाम्रो नेपाली पार्टीमा आबद्धता छ ?

काठमाडौं– हाम्रो नेपाली पार्टीका अध्यक्ष अनन्तराज घिमिरे र काठमाडौं-२ का उम्मेदवार कोषराज सुवेदीले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) शाहको समर्थन रहेको दाबीसहित चुनावमा प्रचार गरेपछि निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ। आयोगले एक लाख रूपैयाँ जरिवानाको चेतावनीसमेत दिएको छ।

उनीहरूले दलीय आबद्धता स्पष्ट नगरी 'काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहको साथ छ, लौरोको विजय निश्चित छ' भनी प्रचारप्रसार गर्नुलाई आयोगले आचारसंहिता उल्लंघन ठानेको छ। आयोगले २४ घण्टाभित्र स्वयं वा प्रतिनिधिमार्फत स्पष्टीकरण दिन घिमिरे र सुवेदीलाई निर्देशन दिएको छ। स्पष्टीकरण

(**बाँकी पृष्ठ ५ मा**)

रुपन्देही-१

पूर्वसहयात्रीबीच रोचक प्रतिस्पर्धा

जेबी योञ्जन

काठमाडौं- भगवान गौतम बुद्धको मावली देवदहसहितको भूगोल समेटिएको चुनाव क्षेत्र रूपन्देही-१ को चुनावी माहोल यसपटक रोचक बनेको छ। कुनै बेलाका राजनीतिक सहयात्री नेकपा एमालेका केन्द्रीय सचिव छविलाल विश्वकर्मा र स्वतन्त्र उम्मेदवार घनश्याम भुसाल यहाँ मुख्य प्रतिस्पर्धी बन्ने देखिएका छन्।

भुसाल एमालेका उपमहासचिव भइसकेका नेता हुन्। पार्टी अध्यक्ष केपी शर्मा ओलीले उम्मेदवार बन्न टिकट नदिएपछि २२ असोजमा एमाले त्यागेर उनी स्वतन्त्र उम्मेदवार बने। स्वतन्त्र भए पनि उनलाई सत्ता गठबन्धनका दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा तथा सत्ता गठबन्धनबाहिरका दलहरू राष्ट्रिय जनमुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीलगायतको समर्थन छ।

नेता विश्वकर्मालाई त्यस चुनाव क्षेत्रको तेस्रो ठूलो दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र चौथो दल जनता समाजवादी पार्टी (जसपा) को समर्थन छ। उक्त चुनाव क्षेत्रमा देवदह नगरपालिका, रोहिणी गाउँपालिका, तिलोत्तमा नगरपालिकाको ७, ८, ९, १०, ११, १२, १५, १६ र १७ नम्बर वडा र ओमसतीया गाउँपालिका १ ,२ , ३, ४, ५ र ६ नम्बर वडा पर्दछन्।

घनश्याम भुसाल
बुद्धको मावली देवदहलाई युनेस्कोमा प्रमाणीकरण गर्न, बौद्ध विश्वविद्यालयको बाँकी काम गर्न, नदी कटान र सिँचाइ समस्या समाधानसँगै देवदह-तिलोत्तमामा गुणस्तीय शिक्षा र स्वास्थ्यका लागि जनताले जिताउने दाबी

छविलाल विश्वकर्मा
बुटवल मेडिकल कलेजको बाँकी काम, बुटवल-नारायगढ सडक विस्तार, हुलाकी सडक निर्माणदेखि रुपन्देही-१ मा औद्योगिक कोरिडोर निर्माणको काम अघि बढाउन जनताले जिताउने विश्वास

यो चुनाव क्षेत्र प्रजातन्त्र पुनर्वहालीपछि भएको २०४८, २०५१ र २०५६ को चुनावमा कांग्रेसको गढ बनेको थियो। कांग्रेसका नेता दुर्योधन सिंहले लगातार चुनाव जितेर 'हचाट्रिक' पूरा गरे। तर, ठीक आठ वर्षपछि २०६४ सालमा भएको संविधानसभा निर्वाचनमा कांग्रेसको गढलाई माओवादीका नेता घनश्याम यादवले भत्काइदिए। २०७० सालमा भने अब्दुल रज्जाक गद्दीले १४ वर्षपछि चुनाव जित्दै फेरि कांग्रेसकै चारतारे झण्डा फहराए। त्यसबेला अहिलेकै एमाले उम्मेदवार विश्वकर्मा उनीसँग पराजित भएका थिए। २०७४ सालको प्रतिनिधिसभा चुनावमा भने वाम गठबन्धनका कारण विश्वकर्मासँग उनै रज्जाक हारे।

त्यसअघि २०६४ सालमा विश्वकर्मा एमालेका समानुपातिक सभासद थिए। यसपटक पनि उनी संसद् छिर्ने दाउमा छन्। दोस्रो

(**बाँकी पृष्ठ ३ मा**)

वडाध्यक्षका उम्मेदवारहरूले पाएको मत

- नेपाली कांग्रेस : ३३,८६०
- नेकपा एमाले : ३१,२४९
- राप्रपा : १४,९५८
- जसपा : ६,४४२
- माओवादी केन्द्र : ४,१४७
- जनमुक्ति पार्टी : २,६७७
- जनमत पार्टी : २,६५२
- एकीकृत समाजवादी : १,४४७
- लोसपा : ३१५

सन्दर्भ : वैदेशिक रोजगार

जसपाको प्रतिबद्धता

रेमिट्यान्सलाई औद्योगिक विकासमा लगानी

प्रभाव संवाददाता

काठमाडौं- आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनलाई केन्द्रित गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्नो प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ। विभिन्न विषयलाई बुँदागत रूपमा उठाएर सम्बोधन गर्ने प्रतिबद्धता जनाएको जसपाले वैदेशिक रोजगारीको सम्बन्धमा पनि विशेष महत्त्व दिएको छ।

जसपाले स्वदेश होस् वा विदेश श्रम संस्कृतिलाई प्रोत्साहित गर्ने प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ। प्रत्येक नागरिकको गाँस, बास र कपासको व्यवस्था हुनुपर्ने भन्दै 'एक परिवार, एक रोजगार'को नीति अवलम्बन गर्ने जनाएको छ। वैदेशिक रोजगारीमा जानुअघि कामदारलाई आवश्यक सीपमूलक तालिम दिने व्यवस्था गरिने जसपाले जनाएको छ। व्यवस्थित र सुरक्षित वैदेशिक रोजगारीका लागि आवश्यक सहजीकरण गर्दै श्रमजीवि कामदारमाथि हुने ज्यादती र शोषणको अन्त्य गर्न सम्बन्धित मुलुकहरूमा श्रम सहचारीको व्यवस्था गर्नुका साथै नेपाली दूतावासमा श्रम डेस्क राख्ने जसपाले नीति लिएको छ।

यसैगरी वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका लागि वैदेशिक रोजगार कानुनमा सुधार गर्दै जिल्लास्तरमा वैदेशिक रोजगारीको सेवा तथा कानुनी उपचार कार्यालयहरू स्थापना गर्ने जसपाको



प्रतिद्धतापत्रमा उल्लेख छ। साथै, रोजगारीको ग्यारेण्टी गर्न श्रम गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गरी नेपाली श्रमिकहरूको हकहित रक्षा गर्ने, विपन्न समुदायलाई वैदेशिक रोजगारीमा प्राथमिकता दिने विषयलाई पनि प्रतिबद्धतापत्रमा प्रथमिकता दिइएको छ। देशको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याइरहेका वैदशिक रोजगारीमा जाने युवाहरूका लागि तालिम, सहजीकरण र सुरक्षाको व्यवस्था गर्ने जनाइएको छ। जसपाले पनि अन्य राजनीतिक दलहरूलेझैं वैदेशिक रोजगारीबाट पुँजी र प्रविधिसहित फर्केका नेपालीहरूलाई देशभित्र व्यवसाय गर्न प्रोत्साहित गर्ने नीति लिएको छ भने उनीहरूबाट प्राप्त विप्रेषण (रेमिटयान्स)लाई देशको औद्योगिक विकासमा लगानी गर्ने उल्लेख गरेको छ।

जसपाले वैदेशिक रोजगारीको विकल्पमा स्वदेशमै युवा श्रमशक्तिलाई प्रयोगमा ल्याउन देशभित्र उत्पादनका क्रियाकलापहरू वृद्धि गर्दै लैजाने कुरामा जोड दिएको छ। देशभित्रै रोजगारी सिर्जना गर्नका लागि सहरी क्षेत्रमा रोजगार बैंकको स्थापना र शिक्षित बेरोजगारहरूलाई शैक्षिक प्रमाणपत्र धितो राखी स्वरोजगार व्यवसाय गर्न प्रोत्साहित गर्ने उल्लेख गरेको छ।

प्रोटोकल नबन्दा जापान जान पाएनन् नेपाली

प्रभाव संवाददाता

काठमाडौं- नेपाल-जापानबीच सन् २०१९ भएको श्रम सम्झौता अनुसार रोजगारीको लागि अझै पनि नेपालीहरू जापान जान पाएका छैनन्। सम्झौताअनुसार द्विपक्षीय सहमतिका आधारमा कामदार पठाउने आवश्यक मापदण्ड (प्रोटोकल) तयार नहुँदा जापान जान नपाएका हुन्।

सम्झौतापश्चात् नेपालमा कोरियाकै जस्तो प्रणालीबाट साढे पाँच हजारले भाषा तथा सीप परीक्षा पास गरेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार व्यक्तिगत तवरबाट ८०० जति नेपाली जापान पुगेका छन् भने बाँकी रोकिएका छन्। रोजगारीका लागि जापान जान तम्तयार भएका उनीहरूलाई पठाउन सरकारले मापदण्ड (प्रोटोकल) बनाउन नसक्दा रोकिनुपरेको छ। यसका लागि करिब ३ महिना अघि काठमाडौंमा बसेको नेपाल-जापानको संयुक्त कार्य समितिको पछिल्लो बैठकले सम्झौता कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गर्ने निर्णय गरेको थियो। सोही बैठकले कामदारलाई जापान पठाउन देखिएका अन्योललाई हटाउन पहल गर्ने, दुवै देशको समसामयिक कानुनी व्यवस्था समेटेर परिमार्जन गर्नुपर्ने भएमा त्यसको तयारी गर्ने, नेपालीलाई जापान पठाउन नेपाल सरकारले निर्माण गर्नुपर्ने कार्यविधि बनाउनेबारे छलफल गरेको थियो।

तर, तीन महिनाको अवधि गुज्रिँदा पनि प्रोटोकल बन्न नसक्दा भाषा तथा सीप परीक्षा पास गरेकाहरूमा अन्योल सिर्जना भएको छ। यद्यपि, मन्त्रालयले नेपाली कामदारलाई जापान पठाउने सम्बन्धमा द्विपक्षीय सहमतिका आधारमा प्रोटोकल तयार गरिसकेको एक उच्च अधिकारीको दाबी छ। 'प्रोटोकल तयार भएको छ, मन्त्रिपरिषद्मा पठाउने तयारी भइरहेको छ,' ती अधिकारीले भने, 'छिट्टै राम्रो समाचार सुन्नुहुनेछ, मन्त्रिपरिषद्बाट पास भएपछि प्रोटोकल लागू हुनेछ।'

समझदारीअनुसार स्पेसिफाइड स्किल्ड वर्कर्स (एसएसडब्ल्यू) प्रणालीमार्फत नेपालीहरू जापान जान सक्नेछन्। पछिल्लो समय जिटुजी सम्झौता गरेर सरकार आफैंले कामदार जापान पठाउने भन्दै आए पनि वैदेशिक रोजगार व्यवसायीलाई पनि साझेदारका रूपमा प्रोटोकलमा समावेस गर्न व्यवसायीले माग गरिरहेको मन्त्रालय स्रोतले बतायो।



फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, तेह्रथुम, नेपाल

जनहितमा जारी सन्देश

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ।

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन्।

डेंगीबाट बच्ने उपायहरू

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने।

पूरै शरिर ढाक्ने लुगा लगाउने।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं।

जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सुरु हुँदै, के–के छन् एजेण्डा ?

■ **भीष्मराज ओझा**

COP27
SHARM EL-SHEIKH
2022 EGYPT

काठमाडौं– जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) को पक्ष राष्ट्रको २७औं सम्मेलन (कोप-२७) आजदेखि सुरु हुँदै छ । सम्मेलन यही कात्तिक २० देखि मंसिर २ गते (नोभेम्बर ६ देखि १८ तारिख २०२२) सम्म इजिप्टको शार्म एल-शेखमा हुँदै छ ।

उक्त सम्मेलनले विज्ञानमा आधारित चुनौती र 'रियो' १९९२ देखि 'ग्लास्गो' २०२१ (कोप २६) सम्म भएका सम्झौता, निर्णय र प्रतिबद्धतामा आधारित भएर समावेशी तथा महत्त्वाकांक्षी परिणाम दिने अपेक्षा गरिएको छ । साथै उत्सर्जन न्यूनीकरण, अनुकूलन प्रयासलाई बढावा दिने र उपयुक्त वित्तको बढ्दो प्रवाहको माध्यमबाट विश्वव्यापी जलवायु कार्यलाई गति दिनेसमेत सम्मेलनको लक्ष्य छ ।

सम्मेलनमा पृथ्वीको तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा कायम गर्ने पाटोमा विश्वका सबै राष्ट्रहरू एक्यबद्ध हुने, यस वर्ष ग्लास्गो प्याक्टको कार्यान्वयन र राष्ट्रिय निर्धारित योगदान (एनडिसिज) र न्यूनीकरणका महत्त्वाकांक्षी लक्ष्यका कार्ययोजना तयार गर्ने, अनुकूलनका विश्वव्यापी लक्ष्यमा सहमत हुने र कोप-२६ मा सहमत भएको अनुकूलन वित्तको कार्यान्वयन गर्ने बारेमा छलफल र निर्णय हुनेछ ।

यसबाहेक कोप-२७ मा वित्तसम्बन्धी सबै एजेण्डा अगाडि बढाइ जलवायु वित्तका विषयमा महत्त्वपूर्ण प्रगति गर्ने, सन्तुलितरूपमा ठोस नतिजा प्राप्त गर्न भएका सम्झौतालाई सुधार र सहजीकरण गर्ने, हानि नोक्सानीसम्बन्धी काम गर्ने संयन्त्र (सेन्टियागो नेटवर्क), हानि तथा नोक्सानी सुविधा सम्मेलनका एजेण्डा रहेको वन तथा वतावरण मन्त्रालयले जनाएको छ ।

नेपालको तयारीका लागि उक्त मन्त्रालयले सम्मेलनमा प्रस्तुत गरिने अवधारणापत्र तयार गरेको छ । अवधारणापत्रमा विशेषगरी हिमाली क्षेत्रका मुद्दा, अनुकूलन तथा कृषि र खाद्यसुरक्षा, न्यूनीकरण (दफा ६, एनडिसी, इटिएफ)लगायत विषय रहेको मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख तथा सहसचिव डा. बुद्धिसागर पौडेलले जानकारी दिए ।

यसैगरी नेपालले विश्वव्यापी प्रगति समीक्षा, हानि तथा नोक्सानी (वित्त, सान्टियागो सञ्जाल), जलवायु वित्त (नयाँ संयुक्त वित्त लक्ष, वित्तको पूर्णता), लैंगिक, युवा, स्थानीय समुदाय, जनजाति र आदिवासी र प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि विषय प्राथमिकताकासाथ उठाउने उनले बताए ।

नेपालले उठाउने विषय

कोप-२७ मा नेपालले पर्वतीय मुद्दामा नेतृत्व गर्नेछ । विश्वका उस्तै समस्या भएका पर्वतीय मुलुकसँग सहकार्य रणनीति बनाउन नेपालले गत सेप्टेम्बरमा मुस्ताङ पैरवी सम्मेलन आयोजना गरी सो विषयमा विशेष घोषणापत्र जारी गरेको थियो ।

यसैगरी विश्वका धनी र विकसित राष्ट्रलाई आफ्नो महत्त्वाकांक्षी एनडिसिज र दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति परिमार्जन गरी पुनः बुझाउन अनुरोध गरिनेछ । साथै, यसको पालनामा कोपको सचिवालयलाई सक्रिय नेतृत्वका लागि नेपालले पैरवी गर्ने सहसचिव पौडेलले बताए ।

नेपालले अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्तको प्रवाह सार्वजनिक माध्यमद्वारा अनुदानस्वरूप प्रदान गर्ने र शार्म एल-शेख कार्ययोजना तयार हुनुपर्ने विषय पनि नेपालको प्राथमिकतामा छ । नेपालले आफूजस्तै अति कम विकसित देश, साना टापु र विकासशील राज्यको हरित जलवायु कोष र अन्य कोषका लागि आवेदन प्रक्रियाको सरलीकरण गर्न, क्षमता अवरोध हटाउन र जलवायु कोषमा प्रत्यक्ष पहुँच सुधार गर्न सशक्तरूपमा बहस तथा पैरवी गर्नेछ ।

कृषि क्षेत्रमा कोरोनोभिया संयुक्त कार्यक्रमको रूपमा उल्लेख्य प्रगति हुनुपर्ने विषय पनि नेपालले प्राथमिकताका साथ उठाउने तयारी गरेको छ । यस वर्ष जर्मनीको वोन बैठकमा कोरोनोभिया कार्यक्रम अनुकूलनलाई बढी महत्त्व दिने विषयमा केही सहमति भएको थियो । नेपालले यो कार्यक्रमको कार्यान्वयन, वित्त र प्रविधि हस्तान्तरणमा जोड दिने र यसको नेतृत्व नेपाललगायत कृषिप्रधान देशले लिनेगरी तयारी गरिएको छ । सम्मेलनमा नेपालले पेरिस नियमपुस्तिकालाई कार्यान्वयनमा ल्याउन र कोप-२६ मा स्थापित न्यूनीकरण महत्त्वाकांक्षा र कार्यान्वयन योजनाअन्तर्गत विकसित देशहरूलाई जलवायु महत्त्वाकांक्षामा नेतृत्व गर्न आग्रह गर्नेछ ।

यसैगरी कार्बन व्यापारसम्बन्धी दफा ६ अनुसार बजार र गैरबजार संयन्त्रको बारेमा कार्यान्वयनमा थप प्रस्टताका लागि नेपालले अल्पविकसित राष्ट्रहरूको समूह, जी-७ र चिनियाँ समूहसँग सामीप्यमा रही पैरवी गर्ने वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्का सदस्य डा. विमलराज रेग्मीले जानकारी दिए ।

नेपालले कोप-२७ मा विकसित राष्ट्रहरूले सामूहिकरूपमा दीर्घकालीन जलवायु वित्तको लक्ष्यअनुसार सन् २०२० देखि २०२५ सम्म प्रत्येक वर्ष १०० विलियन अमेरिकी डलर प्रदान गर्ने विषय उठाउने उनले बताए । जलवायु कोषहरूमा नेपालको सरल तथा सहज पहुँच हुनुपर्ने र नेपालले अनुकूलन, उत्थानशीलता तथा हरित विकासको अवधारणा प्रवर्द्धनमा प्रदान गरिने वित्त अनुदानको रूपमा आउनुपर्ने निश्चिततताबारे पैरवी गर्नेछ ।

हानि तथा नोक्सानीको छुट्टै एजेण्डा

कोप-२७ मा हानि नोक्सानीसम्बन्धी मुद्दालाई औपचारिक एजेण्डा बनाउन पहल गरिनेछ । अल्पविकसित राष्ट्रहरूको समूह, जि-७७ र चिनियाँको समूहले हानि तथा नोक्सानी वित्तको छुट्टै व्यवस्थाको मागलाई उठाउने छन् । नेपाललगायत अल्पविकसित राष्ट्रहरू, जी-७ र चिनियाँको समूहले हानि तथा नोक्सानी वित्तमा थप सहयोग गर्नुपर्ने र यसको यथेष्ट प्रमाण भएको कुरालाई प्रस्तुत गर्नेछ ।

नेपालले सेन्टियागो हानि तथा नोक्सानी संयन्त्रको प्रगति र हानि तथा नोक्सानी वित्तलाई औपचारिकरूपमा एजेण्डामा राखेर हानि तथा नोक्सानी वित्त व्यवस्था सुनिश्चित गर्न पहल गर्ने मन्त्रालयका सचिव डा.प्रेमनारायण कँडेलले बताए ।

यसबाहेक विश्वव्यापी प्रगति समीक्षाका लागि विवरण संकलन, न्यूनीकरण, अनुकूलन, हानि-नोक्सानी र कार्यान्वयनको संरचना र सहयोगसम्बन्धी प्रगति मापन गर्नु महत्त्वपूर्ण भएको र यसले पक्ष राष्ट्रहरूलाई आफ्नो महत्त्वाकांक्षा र सहयोग तथा सहकार्य अगाडि बढाउन मद्दत पुऱ्याउने सचिव कँडेलले बताए ।

आदिवासी, महिला, युवा, बालबालिका, तथा जलवायुजन्य जोखिममा रहेका समुदायको अधिकार र उनीहरूको चासो सम्बोधन गर्ने विषय पनि नेपालको एजेण्डा रहेको छ । यसका लागि नेपालले लैंगिक कार्ययोजनालाई कार्यान्वयनमा ल्याउन आवश्यक वित्त हस्तान्तरण, प्रविधि हस्तान्तरण र लैंगिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धिमा हासिल भएका प्रगतिबारे छलफल गर्ने र स्थानीय र आदिवासीको भूमिकाबारे प्रस्ट रणनीति हुनुपर्ने विषय उठान गरिनेछ ।

नेपाललाई अनुकूलन र न्यूनीकरणका कार्यहरू प्रभावकारीरूपमा कार्यान्वयन गर्ने प्रविधि सहज हस्तान्तरण र अतिकम विकसित राष्ट्रहरूमा विद्यमान क्षमताको कमी परिपूर्ति गर्नुपर्ने विषय नेपालको प्राथमिकतामा रहेको छ ।

कोप–२७ मा नेपालको सहभागिता

नोभेम्बर ६ देखि ८ तारिखसम्म हुने राष्ट्र प्रमुखहरूको बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीको नेतृत्वमा नेपालको प्रतिनिधिमण्डलले सहभागिता जनाउनेछ । नोभेम्बर ९ देखि १८ तारिखसम्म हुने कोप-२७ का औपचारिक र अनौपचारिक बैठकमा वन सचिव, सहसचिव र सरकारी प्रतिनिधिले सहभागिता जनाउने छन् ।

त्यस्तै नोभेम्बर ६ देखि १८ तारिखसम्म हुने अन्य बैठकमा सचिव, सहसचिव र सरकारी तथा अन्य प्रतिनिधिले साइड इभेन्टहरूमा नेपालको प्रस्तुति गर्न सहभागिता जनाउने मन्त्रालयले जनाएको छ । *रासस*

वडाध्यक्ष रिजाललाई पाँच हजार जरिवाना

■ **प्रभाव संवाददाता**

काठमाडौं– निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको ठहर गर्दै काठमाडौं महानगरपालिका वडा नं. १६ का वडाध्यक्ष मुकुन्द रिजाललाई पाँच हजार रूपैयाँ जरिवाना गरेको छ । वडाध्यक्ष रिजालले निर्वाचन आचारसंहिताविपरीत काठमाडौं जिल्ला क्षेत्र नं. ६ मा नेपाली कांग्रेसको प्रचारप्रसारमा स्वयं संलग्न भएको पुष्टि भएपछि आयोगले जरिवाना गर्ने निर्णय गरेको हो ।

आयोगका अनुसार रिजालले निर्वाचन प्रचारप्रसारमा संलग्न भई आफ्नो फेसबुक पेजमार्फत फोटो सार्वजनिक गरेको पाइएको थियो । रिजालले निर्वाचन आचारसंहिता २०७९ को दफा ५ खण्ड (क)को प्रतिबन्धात्मक वाक्यांश (४) प्रतिकूल हुनेगरी निर्वाचन आचारसंहिता, २०७९ को उल्लंघन गरेको कार्य पुष्टि भएकोले निर्वाचन आयोग ऐन, २०७९ को दफा २३ को उपदफा (३) बमोजिम जरिवाना गरिएको आयोगले शनिबार जानकारी दिएको छ ।

करका दरमा गरिएको परिवर्तन बदर गर्न निर्देशन

यसैबीच निर्वाचन आयोगले गण्डकी प्रदेश सरकारलाई करका दर परिवर्तन गरेकोबारे २४ घण्टाभित्र बदर गरी सोको जानकारी यथाशक्य चाँडो उपलब्ध गराउन निर्देशन दिएको छ । निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी करका दरहरू परिवर्तन गरेको देखिएको भन्दै आयोगले स्पष्टीकरण सोधेको थियो ।

आयोगले गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय बदर गरी जानकारी गराउन निर्देशन दिएको छ । 'गण्डकी प्रदेश सरकारले २०७९ असोज २७ गतेको प्रदेश राजपत्र खण्ड-५, संख्या ५ मा सरकारले विभिन्न करका दरहरूमा छुट दिने गरी सूचना प्रकाशन गरेको देखिएको,' स्पष्टीकरणपत्रमा उल्लेख गरिएको छ ।

निर्वाचनको सम्मुखमा आचारसंहिता लागू रहेको अवस्थामा यस प्रकारबाट करको दरमा छुट दिनेजस्ता नीतिगत निर्णय गरी कार्यान्वयन गर्दा निर्वाचनको स्वच्छता र निष्पक्षतालाई असर पर्नुका साथै सो कार्य निर्वाचन आचारसंहिता, २०७९ को दफा ५ को खण्ड (ख) विपरीतसमेत देखिएको पत्रमा उल्लेख गरिएको छ ।

प्रदेश सरकार
सुदुरपस्चिम प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय

दार्चुला

सवारी साधन खरिद सम्बन्धि सूचना

सूचना प्रकाशित मिति :- २०७९/०७/२०

यस कार्यालयको मिति २०७९।०६।१६ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना अनुसार तपसीलमा उल्लेखित ठेक्का नं. र कार्य बिवरणसँग सम्बन्धित कार्यको लागि अन्तिम म्यादभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसील बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले, स्वीकृतीका लागि सिफारिस भएकोहुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा २ अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको लागि प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	कामको बिवरण	बोलपत्रदाताको नाम र ठेगान	कबोल अंक रकम रु (मु.अ.कर र प्रोभिजनल सम समेत)
१	DFO/NCB/W/01/2079/80	Construction of Quarter Building, Khalanga, Darchula	श्री रिठगडे कन्सट्रक्सन ब्याँस-५ दार्चुला ।	४८,२०,६८२।३२

डिभिजनल वन अधिकृत

Belauri Municipality
Office Of The Municipal Executive
Belauri , Kanchanpur
Sudurpaschim Province, Nepal

Invitation for Bids

Invitation for Bids No: **BELMUN/NCB/W/079/080-03**

Date of publication: ***6th November 2022*** (20th of Karthik, 2079)

1. ***Belauri Municipality has allocated funds and received grant*** from ***Government of Nepal towards*** the cost of ***Construction of Black Top Road and Retaining Wall in Ward No.10 and Ward No.5 Belauri Municipality*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Contract No: BELMUN/NCB/W/079/080-03*** Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Belauri Municipality*** invites electronic bids from eligible bidders for the construction of ***Construction of Black top road and Retaining Wall in Ward No.10 and Ward No.5 Belauri Municipality*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures..
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs .53300000***
   - Minimum Work experience of similar size and nature: ***NRs 17100000*** Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Belauri Municipality Kanchanpur; belaurimunicipality@gmail.com,099-580215***or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the office ***Belauri Municipality Kanchanpur*** and the office by eligible Bidders on the submission of a written application, along with the *copy of company/firm registration certificate*, and upon payment of a non-refundable fee of ***Nrs.5000*** till ***06-12-2022 12:00 during office hours***.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank Name of Office: Belauri Municipality
   Office Code no. :801077604 Office Account no.: 4390100301010002
   Rajaswa (revenue) Shirshak no. : BELAURI NA.PA.(GA-1-1)
5. Pre-bid meeting shall be held at ***Belauri Municipality Kanchanpur*** at ***20th November 2022, 13:00 .***
6. Electronic bids must be submitted to the office ***Belauri Municipality Kanchanpur*** through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before ***13:00 hrs on 6th December 2022(*** 20th of Mangsir , 2079)Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 6th December 2022(*** 20th of Mangsir , 2079) at the office of ***Belauri Municipality Kanchanpur*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of ***Rs.1052000*** which shall be valid for 30 days beyond the validity period of the bid ***.***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

रोचक बन्दै काठमाडौं–८ को प्रतिस्पर्धा

काठमाडौं– चुनाव नजिकिँदै जाँदा उम्मेदवारहरू प्रचारप्रसारमा जुटेका छन् । निर्वाचन प्रचारप्रसारका लागि सभा, जुलुस, खुला प्रचार अभियान खुलेसँगै काठमाडौं क्षेत्र नं ८ मा चुनावी चहलपहल बढेको छ । उम्मेदवारहरूले समूहमा घरदैलो र टोलमा कोणसभाका कार्यक्रम अघि बढाइरहेका छन् ।

आगामी मंसिर ४ गते हुने निर्वाचनमा काठमाडौं ८ मा सत्तागठबन्धनका उम्मेदवार नेकपा (एकीकृत समाजवादी)का जीवनराम श्रेष्ठ छन् । स्थानीय निर्वाचनको मत परिणाम हेर्दा सो क्षेत्रमा कांग्रेस, एकीकृत समाजवादी र माओवादी केन्द्रको गठबन्धन नै बलियो देखिएको छ ।

गत वैशाखमा भएको स्थानीय तहको निर्वाचनको नतिजाअनुसार सो क्षेत्रका आठ वडामध्ये कांग्रेसले चार, नेकपा (एमाले)ले दुई, राप्रपाले एक र नेकपा (एकीकृत समाजवादी) एकमा विजयी भएका छन् । सो क्षेत्रमा काठमाडौं महानगरका ६ वडा १३, १५, १९, २०, २३ र २४ तथा सोही क्षेत्रमा नार्गाजुन नगरपालिकाका ४ र ५ नं वडा समेटिएका छन् । त्यसमध्ये काठमाडौं महानगरका १९, २०, २४ र नागार्जुनको वडा नं ४ मा कांग्रेसले जीत हासिल गरेको छ । काठमाडौं महानगरभित्र २३ र १३ नं वडामा एमाले विजयी भएको छ । त्यस्तै वडा नं १५ मा नेकपा (एकीकृत समाजवादी) र नागार्जुन-५ मा राष्ट्रिय प्रजातन्त्र पार्टी विजयी भएको छ ।

आगामी निर्वाचनमा श्रेष्ठ र एमालेका उम्मेदवार शिवसुन्दर राजवैद्यबीच नै प्रतिस्पर्धा हुने देखिन्छ । सो क्षेत्रमा स्वतन्त्रबाट सुमन सायमी उम्मेदवार छन् । उनले गत स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरको प्रमुखमा १३ हजार सात सय ७० मत प्राप्त गरेका थिए । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीबाट विराजभक्त श्रेष्ठ पनि चुनावी मैदानमा छन् । उनी बाग्मती प्रदेशको निवर्तमान प्रदेशसभा सदस्य पनि हुन् ।

वि.सं. २०७४ निर्वाचनमा जीवनरामले कांग्रेसका स्व नवीन्द्रराज जोशीलाई १३ हजार तीन सय ९७ मत ल्याएर चार सय ४४ को मतान्तरले पराजित गरेका थिए । श्रेष्ठसँग प्रतिस्पर्धा गरेका जोशीको गत वर्ष निधन भएको हो ।

गत वैशाखमा भएको स्थानीय तहको निवार्चनको मतको परिणाम केलाउँदा पनि एमालेभन्दा कांग्रेस तीन हजार छ सय ४३ मतले अगाडि छ । आठ वडामा कांग्रेसका वडाध्यक्षले कुल आठ हजार सात सय १६ मत प्राप्त गरेका थिए । एकीकृत समाजवादीले तीन हजार ७४ मत र राप्रपाले एक हजार पाँच सय ३९ मत प्राप्त गरेका थिए । कांग्रेस र एकीकृत समाजवादीले वडामा ११ हजार सात सय ९० मत प्राप्त गरेका छन् । सो मत गणना गर्दा पनि एमालेभन्दा गठबन्धन छ हजार सात सय १७ मतले अगाडि छ । विसं २०७४ को मत परिणाम र स्थानीय तहको निर्वाचनलाई हेर्दा सो क्षेत्रमा रोचक भिडन्त हुने देखिएको छ ।

कुल ५३ हजार एक सय छ मतदाता रहेको सो क्षेत्रमा २३ मतदानस्थल र ६१ मतदान केन्द्र निर्धारण गरिएको छ । *रासस*

पूर्वसहयात्रीबीचै...

पृष्ठ १ बाट जारी

जनआन्दोलनपछि तत्कालीन कांग्रेस नेता गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा उनी कृषि तथा सहकारीमन्त्री भए ।

स्वतन्त्रबाट त्रिभूज चुनाव चिह्न लिएर विश्वकर्माका मुख्य प्रतिस्पर्धी बनेको भुसाल उनीभन्दा पहिले नै संसद् प्रवेश गरेका नेता हुन् । भुसाल ११ माघ २०५३ मा भएको उपनिर्वाचनबाट रूपन्देही-२ मा चुनाव जितेर प्रतिनिधिसभामा आएका थिए । २०७४ सालमा भने रूपन्देही-३ बाट उनले चुनाव जिते । झलनाथ खनाल नेतृत्वको सरकारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको मन्त्री र केपी शर्मा ओली नेतृत्वको सरकारमा कृषि तथा पशुपक्षीमन्त्री भए । उनी मार्क्सवाद र लेनिनवादका राम्रा व्याख्याता भनेर पनि चिनिन्छन् । एमालेको नवौं महाधिवेसनबाट उनको नीति पारित भएको थियो तर नेतृत्वमा ओलीले नै निरन्तरता पाए ।

प्रतिस्पर्धी विश्वकर्मा पनि बौद्धिकसँगै शालीन, भद्र र विवादमा नपरेका नेता हुन् । यिनै दुई पूर्व कृषिमन्त्री र त्यसमाथि लामो समयसम्मको राजनीतिक सहयात्रीबीचको चुनावी प्रतिस्पर्धा कस्तो होला ? जित कसको होला ? चासोपूर्वक हेरिएको छ ।

स्थानीय तह निर्वाचनमा वडाध्यक्षका उम्मेदवारहरूले पाएका मतको आधारमा हेर्दा रूपन्देही-१ मा कांग्रेस ठूलो दल छ । निर्वाचन आयोगका अनुसार यहाँ कांग्रेसको मत ३३ हजार ८६० छ । एमालेको ३१ हजार २४९ मत, राप्रपाको १४ हजार ९५८ मत, जसाको ६ हजार ४४२ मत, माओवादी केन्द्रको ४ हजार १४७ मत, जनमुक्ति पार्टीको २ हजार ६७७ मत, जनमत पार्टीको दुई हजार ६५२ मत, एकीकृत समाजवादीको एक हजार ४४७ मत र लोसपाका ३१५ मत छ ।

भुसाललाई समर्थन गरेका कांग्रेस, माओवादी, एकीकृत समाजवादी, जनमुक्ति र लोसपासहित छ दलको कूल मत ४२ हजार ४४६ छ । तर, विश्वकर्मा उम्मेदवार बनेको एमाले र उक्त दलसँगको गठबन्धन दलहरूको मत भने अझ बढी अर्थात् ५२ हजार ६४९ छ । यो मत सत्ता गठबन्धनको भन्दा १० हजार २०३ बढी हो ।

स्थानीय चुनावको परिणामलाई मात्रै आधार मानेर विश्लेषण गर्ने हो विश्वकर्माले चुनाव जित्न सक्छन् । तर, स्थानीय र प्रतिनिधिसभा चुनावमा मत खस्ने प्रवृत्ति भिन्न हुन्छ । विश्लेषकहरूका अनुसार उम्मेदवारको राजनीतिक तथा सामाजिक व्यक्तित्वसँगै चुनावको बेलामा देखिने 'ह्वीम' पनि जितको निर्धारक हुने गरेको देखिन्छ ।

यसले गर्दा विश्वकर्माले चुनाव जित्छन् नै भन्ने ठोकुवा गर्न सकिन्न । फेरि, देवदह नगरपालिकाका एमाले अध्यक्ष टीकाराम चापागाईं पनि पार्टी त्यागेर स्वतन्त्र उम्मेदवार बनेका छन् । उनले पनि एमालेकै मत काट्न सक्ने ठानिएको छ ।

यद्यपि, विश्वकर्माले पार्टीको बलियो सांगठनिक आधार, चुनाव क्षेत्रका तेस्रो दल राप्रपा र चौथो दल जसपाको समर्थन पाउनुका साथै माओवादीका पूर्वप्रदेश सांसद दधिराम न्यौपाने एमालेमा हुनाले चुनाव जित्ने तर्क गर्दै आएका छन् । यसअघि सांसद हुँदा चुनाव क्षेत्रमा विकासका 'प्याकेज' सञ्चालन गरेकाले त्यसको निरन्तरताको लागि पनि मतदाताले चुनाव जिताउने भन्दै उनी ढुक्क छन् ।

अर्कातिर उनका प्रतिस्पर्धी भुसाल लोकप्रिय उम्मेदवार नै हुन् । उनले पनि एमालेमा असन्तुष्ट भएर बसेका नेता कार्यकर्ताको मत तान्न सक्ने कतिपयको विश्लेषण छ । उनले चुनाव चिह्न त्रिभूजलाई प्रचार गर्न मात्र चुनौती रहेको बताएका छन् । समर्थकहरूका अनुसार भुसालको पक्षमा माहोल बन्दै गएको छ र माहोलका आधारमा उनले चुनाव जित्न सक्छन् । तर, किटान गरेरै यसै हुन्छ भन्न भने सकिँदैन ।

विश्वकर्माले बुटवल मेडिकल कलेज आफ्नै पालामा सुरु भएको, बुटवल-नारायगढ सडक विस्तार, हुलाकी सडक निर्माणदेखि रूपन्देही १ मा औद्योगिक कोरिडोर निर्माणको काम अघि बढाउन पनि आफूलाई मतदाताले जिताउने बताएका छन् । टिकट नपाएपछि पार्टी छाडेर आफ्ना प्रतिस्पर्धी बनेका भुसाललाई लक्षित गर्दै उनले प्रभाव दैनिकसँग भने, 'एउटा टिकट नपाउँदैमा पार्टी छोड्ने र चुनाव क्षेत्र फेर्दै हिँड्ने मेरो बानी छैन ।' चुनाव जित्न मुस्किल नहुने पनि उनको दाबी छ ।

प्रतिस्पर्धी भुसालले भने चुनौती भनेकै चुनाव चिह्न त्रिभूजलाई मतदाताहरूसँग परिचित गराउनु रहेको बताए । 'पहिले पनि यहाँ काम गरेको छु । मेरा मतदाताहरूलाई एक-एक गरेर म चिन्छु । उहाँहरूसँग भेट गरेको छु । माहोल राम्रो छ । त्रिभूजलाई चिनाउन मात्र चुनौती हो । त्यो पनि धेरैले चिनिसके । फेरि, मलाई यहाँको ठूलो दल कांग्रेससहित छ दलको समर्थन छ,' भुसालले भने ।

उनले बुद्धको मावली देवदह हो भनेर युनेस्कोमा प्रमाणीकरण गर्न पहल गर्नेदेखि बौद्ध विश्वविद्यालयको बाँकी काम पूरा गर्ने बताएका छन् । चुनाव क्षेत्रमा वर्षौंदेखिको नदी कटान र सिँचाइसम्बन्धी समस्यालाई समाधान गर्ने र देवदहसँगै तिलोत्तमामा गुणस्तरीय शिक्षा, स्वास्थ्य र उत्पादनका क्षेत्रमा देखिने गरिको काम गर्ने भुसालले बताए ।

विश्वकर्मा र भुसालसँगको चुनावी प्रतिस्पर्धामा आठ जना दल र ११ जना स्वतन्त्र उम्मेदवार छन् । नेपाल मजदुर किसान पार्टीका तुलसीराम धुख्वा, जनमत पार्टीका कैलाश गुरुङ, हाम्रो नेपाली पार्टीका विशाल बाँस्कोटा, नागरिक उन्मुक्ति पार्टीका धनीराम चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका राकेश बानियाँ, मंगोल नेसनल अर्गनाइजेसनका शिवबहादुर गुरुङ र राष्ट्रिय स्वतन्त्र पार्टीका नरेशबहादुर क्षेत्री उम्मेदवार छन् ।

यस्तै, टीकाराम चापागाई, दुर्गा पाण्डे, धनराज भुर्तेल, टीकामणि पुन, कमल पाण्डे, लीलामणि न्यौपाने, लक्ष्मण भण्डारी, कमलनाथ भुसाल, दीपक शर्मा, विष्णुप्रसाद चौधरी र मातृकाप्रसाद यादव स्वतन्त्र उम्मेदवार छन् ।

गाउँ-गाउँमा चुनावीसभा

मान्म– आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई लक्ष्य गर्दै कालीकोटका राजनीतिक दलले गाउँ गाउँमा चुनावीसभा गर्न थालेका छन् । नेपाली कांग्रेस, नेकपा (माओवादी) केन्द्र, नेकपा(एमाले), एकीकृत समाजवादी र अन्य राजनीतिक दलले गाउँ गाउँमा राजनीतिक दल चुनावीसभालाई तीव्रता दिएका हुन् ।

कालीकोटमा वाम लोकतान्त्रिक गठबन्धन र नेकपा(एमाले), वीपी कांग्रेस, नेपाल मजदुर किसान पार्टी, राप्रपा नेपाल र स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन् । आफ्नो पक्षमा मत माग्न ती दलले गाउँ गाउँमा भेलालाई तीव्रता दिएका हुन् । अहिले जिल्लाभर पालिकास्तरको भेला चलिरहेको र टोलटोलमा पनि कार्यक्रम सञ्चालन भइरहेको माओवादी केन्द्र जिल्ला समन्वय समितिका संयोजक लक्ष्मीप्रसाद चौलागाईंले जानकारी दिए । 'गठबन्धनमा रहेका दल नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा र नेपाल जनता समाजवादीले संयुक्त निर्वाचन परिचालन समिति बनाएर पालिका, वडा र टोलस्तरमा चुनावी भेला गरिरहेका छन्' उनले भने, 'मौन अवधि सुरु नहुँदासम्म हामीले चुनावी अभियानलाई तीव्रता दिने सोच बनाएका छौँ ।'

एमालेले अहिले पहिलो चरणको भेटघाट कार्यक्रम सकेर पालिका र टोलस्तरमा भेला गरिरहेको उक्त पार्टीका जिल्लाअध्यक्ष जसीप्रसाद पाण्डेले बताए । 'हाम्रा उम्मेदवारले घरदैलो भेटघाटका साथै चुनावी अभियानका रूपमा भेला गरिरहेका छन् ।' उनले भने, 'मतदातामा हामी पार्टीको एजेण्डासहित पुगिरहेका छौं ।'

राप्रपा नेपालले पनि जिल्लामा अहिले चुनावी प्रचारप्रचार गर्दै आइरहेको उम्मेदवार धनबहादुर बुढाले बताए । 'हामीले जिल्लामा मतदाताका समस्या र गुनासो सुन्नाका साथै चुनाव लक्षित आमसभा गर्दै आएका छौं,' उनले भने, 'जिल्लाभर नै हाम्रा पार्टीका नेता तथा कार्यकर्ता परिचालन भएका छन् ।'

जिल्लामा प्रतिनिधिसभाका लागि गठबन्धनबाट माओवादीका महेन्द्रबहादुर शाही, एमालेबाट नगिन्द्र शाही, कांग्रेस वीपीबाट पार्टीका संस्थापक सभापति पफ्बहादुर विष्ट, नेमकिपाबाट जिल्ला अध्यक्ष खड्कराज शाही, राप्रपाका धनबहादुर बुढा र स्वतन्त्ररूपमा माओवादीका लेखा आयोगका पूर्वसदस्य काशीचन्द्र बराल, कांग्रेसका पुराना नेता धनप्रसाद पाण्डेको उम्मेदवारी छ ।

त्यस्तै प्रदेशसभाका लागि १ (क) मा गठबन्धनका तर्फबाट माओवादी केन्द्रका दुर्गबहादुर रावत, एमालेका कुर्मराज शाही, राप्रपाका सूर्यबहादुर शाही र नेमकिपाका रवीन्द्र शाही उम्मेदवार रहेका छन् । प्रदेशसभा (ख) मा गठबन्धनका तर्फबाट कांग्रेसका हिक्मतबहादुर विष्ट, एमालेका वीरेन्द्रबहादुर बोगटी, नेमकिपाका जनकबहादुर विष्ट, कांग्रेस वीपीका कर्णबहादुर विष्ट, एकीकृत समाजवादीका विश्वराज बम र स्वतन्त्रबाट लक्ष्मण बमले उम्मेदवार रहेका छन् । *रासस*

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर , कैलाली
सुदुरपश्चिम प्रदेश

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०७९ /०७ /२०

मिति २०७९ /०५ /२२ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित विद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न निर्माण कार्यहरुका लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरु न्यून मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले मुल्यांकन समिति बाट छनौट भई स्वीकृतिको लागि सिफारिस भएकोले सार्बजनिक खरिद ऐन, २०६३को दफा २७ को उपदफा २ र ३ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

तपसिल

सि.न	ठेक्का नं	आयोजनाको नाम/काम को विवरण	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम(मु.अ.कर) सहित
१.०	TMO/NCB/15/ ROAD/2079/080	वनगाउ उत्तरपुरुवा नर बहादुर चौधरीको घर देखि सरस्वती मा.वि. हुदै वडा नं. ०३ को सिमाना जोड्ने सडक र वनगाउ विचरपुरुवा नर बहादुर चौधरीको घर देखि वडा नं. ०३ को सिमाना जोड्ने सडक कालोपत्रे निर्माण, टी.न.पा. वडा नं.-०१, बनगाउ	श्री प्रकाश निर्माण सेवा, दर्ना अछाम	रु. ७६,०६,२५३।५०
२.०	TMO/NCB/17/ ROAD/2079/080	वडा नं. ३ अन्तर्गत पुछरी हुंस बोडिंग स्कुल देखि पदमा प्रा. वि. घिया हुदै जोशिपुर गाँउपालिका जोड्ने सडक कालोपत्रे निर्माण आयोजना, टी.न.पा. वडा नं.-०३	श्री सन्तोष विल्डर्स, जयगढ अछाम	रु.१,३२,२१,१९३।७५

(प्रमुख प्रशासकिय अधिकृत)

Directorate of Water Supply, Irrigation and Energy Development
Karnali Province, Surkhet, Nepal

Invitation for Online Bids

Tender Notice No: 1-079/080

(Date of First times Publication: 2079/07/20 (2022-Nov-06))

1. Directorate of Water Supply, Irrigation and Energy Development, Surkhet invites online bids from eligible bidders for following works & Goods:

Contract Number	Description and location of work	Estimated Amount without VAT and Contingency.	Bid Security Amount	Fee for Bid Document	Average Annual Construction Turnover (NRs.)	Remarks
01/079-080/NCB/ Works/WSP/ DWIED-Surkhet	Construction of Treatment plant, Chaukidar Quarters, & other related Structure for Lisse-Khola WSP at Gurbhakot N.P. Ward No.-14, Surkhet.	N/A	517,000.00	5000.00	19,145,000.00	Single Stage two Envelope.
02/079-080/NCB/ Works/WSP/ DWIED-Surkhet	Construction of Solar Lift WSP System for Bhudha Khola WSP & Ghatte Khola Harre Kanda WSP.	N/A	567,000.00	5000.00	20,994,000.00	Single Stage two Envelope.
03/079-080/NCB/ Goods/WSP/ DWIED-Surkhet	Supply & Delivery of HDPE Pipe NS:40 (PE-100) of different WS Projects.	8,527,592.60	2,15,000.00	3000.00	N/A	Single Stage Single Envelope.
04/079-080/ NCB/Works/ISP/ DWIED-Surkhet	Construction of One-Story RCC Frame Lab Building in Office Compound.	2,762,062.10	70,000.00	3000.00	N/A	Single Stage Single Envelope.

2. Purchase, Submission and Opening:

Contract No.	Pre-Bid Meeting		Purchase of Bid		Submission of Bid		Opening of Bid		
	Date	Time	Date	Time	Date	Time	Date	Time	
01 & 02	2079/08/09 (2022-Nov-25)	13:00:00	2079/08/20 (2022-Dec-06)	12:00:00	2079/08/20 (2022-Dec-06)	12:00:00	2079/08/20 (2022-Dec-06)	13:00:00	For further information, please refer Directorate of Water Supply, Irrigation and Energy Development, Surkhet. Tel.: 083-520392, Email:wsiedo.surkhet@gmail.com. Any addendum in the notice or bid documents will be posted in Office notice board.
03 & 04	N/A	N/A	2079/08/20 (2022-Dec-06)	12:00:00	2079/08/20 (2022-Dec-06)	12:00:00	2079/08/20 (2022-Dec-06)	13:00:00	

3. Revenue Details:

Bank	Name of Office	Revenue A/c No.	Office code	Revenue Heading No.	Deposit A/c No.
Rastriya Banijya Bank, Surkhet Branch	Province Tresary Comptroller Office, Surkhet.	1000100201010006	3080168016	14229	4080100202030000

4. Bidders shall download the bidding documents and submit their bid electronically through E-procurement section of PPMO's website http://bolpatra.gov.np/egp as specified in the Bidding data sheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in Hard Copy shall not be accepted.
5. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
6. Matters not covered by this notice shall be in accordance with PPA Act, 2063 (First amendment 2073 as well) and PPR Rule, 2064 (12th amendment 2079 as well).

For Director

दुधौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल

बोलपत्रको स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०७९ /०७/२०

यस दुधौली नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७९/०८० अन्तर्गत दुधौली नगरपालिकाको परिसर भित्र प्रयोगशाला, इजलास कक्ष, पार्किंग ट्रस निर्माण र फुलबारी सहित सडकनाला निर्माण का लागि मिति २०७९/०५/३१ मा प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बोलपत्र नम्वर DMUN 04–79/080 को बोलपत्र स्वीकृत गर्ने आशयको सूचना http://www.dudhaulimun.gov.np बाट डाउनलोड गर्न/हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

सम्पादकीय

पर्यटक आगमनले जगाएको आशा

सन् २०20 लाई नेपालले 'भ्रमण वर्ष' को रुपमा मनाउने घोषणा गरेको थियो। त्यहीअनुसार तयारी र विश्वभर प्रचारप्रसार गरियो। उक्त वर्षको पहिलो दिन अर्थात् जनवरी १ मा 'नेपाल भ्रमण वर्ष २०२०' तामझामका साथ उद्घाटन गरियो। तर, केही समयपछि नै उक्त कार्यक्रम स्थगित हुन पुग्यो। कारण थियो, विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) को संक्रमण। सन् २०२० को सुरुआतबाटै विश्वभर कोरोना महामारी तीव्ररुपमा फैलिन थालेपछि भ्रमण वर्ष स्थगित गर्ने निर्णय गरिएको थियो। त्यससँगै उक्त वर्ष २० लाख विदेशी पर्यटक भित्र्याउने नेपालको लक्ष्यमा 'ब्रेक' लाग्यो।

कोरोना महामारीले विश्वका अन्य मुलुकझैं नेपाललाई पनि प्रभावित तुल्यायो। आर्थिक गतिविधि ठप्प हुनुका साथै सयौंको ज्यान गुम्यो। पर्यटक आगमन लगभग शून्यकै अवस्थामा पुग्यो। जसले पर्यटन क्षेत्रलाई पूर्णतया धराशायी बनायो। त्यसपछि कोरोना महामारी केही सामान्य हुँदै गए पनि पर्यटन क्षेत्र पहिलेकै अवस्थामा फर्कन दुई–तीन वर्ष लाग्ने आकलन गरिएको थियो। विभिन्न अध्ययनले पनि त्यस्तै देखाएको थियो।

तर, खुसीको कुरा उक्त आकलनभन्दा छिटो पर्यटन क्षेत्र लयमा फर्किएको छ। पछिल्लो १० महिनाको अवधिमा झण्डै पाँच लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन्। नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्यांकअनुसार अंग्रेजी वर्षको जनवरीदेखि अक्टोबरसम्म चार लाख ७३ हजार ५६३ पर्यटकले नेपाल भ्रमण गरेका हुन्।

अक्टोबरमा मात्रै ८८ हजार ५८२ पर्यटक नेपाल आएका छन्। पर्यटक आगमन दर यो वर्षको हालसम्मकै बढी संख्या हो। यसअघि अप्रिलमा सबैभन्दा बढी ६१ हजार ५८९ पर्यटक नेपाल भित्रिएका थिए। सेप्टेम्बरमा ५८ हजार ३१४, अगस्टमा ४१ हजार ३०४, जुलाईमा ४४ हजार ४६२ र जुनमा ४६ हजार ९७५ पर्यटक नेपाल आएका थिए। त्यसैगरी, मेमा ५३ हजार ६०८, मार्चमा ४२ हजार छ, फेब्रुअरीमा १९ हजार ७६६ र जनवरीमा १६ हजार ९७५ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

यो तथ्यांकले पर्यटन क्षेत्रमा आशा जगाएको छ। कोभिड–१९ महामारीका कारण घटेको विदेशी पर्यटकको संख्या सन् २०२२ मा भने बढ्दो क्रममा रहेको तथ्यांकले देखाउँछ। महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए। तर, सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको संख्या ८१ प्रतिशतले कमी आइ दुई लाख ३० हजार ८५ जनामा सीमित भएका थिए। त्यसैगरी २०२१ मा एक लाख ५० हजार ९६२ पर्यटक मात्र नेपाल आएका थिए। जुन सन् २०२० को तुलनामा ३४.४ प्रतिशतले कमी हो।

पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले सन् २०१९ मा आएका कूल पर्यटकको संख्यामा ७० देखि ७५ प्रतिशतसम्म 'रिकभर' हुने अपेक्षा गरिएको र सोअनुसार पर्यटक आगमन भइरहेको बताए। उनले यही दरमा पर्यटक भित्रिए यो वर्ष छ लाखभन्दा बढी पर्यटक भित्रिने बताए।

महामारीले थला परेको अर्थतन्त्र अझै उठ्न सकेको छैन। मुलुकको अर्थतन्त्रका अधिकांश सूचकहरु नकारात्मक अवस्थामा छ। विशेषतः विदेशी विनिमय सञ्चिति लगातार घटिरहेको छ। यस्तो अवस्थामा पर्यटकको आगमन बढ्नुलाई सकारात्मक मान्नुपर्छ। किनभने, विदेशी मुद्रा भित्र्याउने प्रमुख माध्यम पर्यटन नै हो। यद्यपि, वैदेशिक रोजगारीमा गएका युवाहरुले पठाउने रेमिटचान्सले अर्थतन्त्रमा ठूलो हिस्सा ओगट्दै आएको छ। तर, मुलुकको मुख्य आम्दानीको स्रोत पर्यटनलाई बनाउने नेपालको लक्ष्यमा पछिल्लो तथ्यांकले आशाको दियो बालिदिएको छ। यद्यपि, यो संख्या पर्याप्त भने होइन। त्यसैले, अझ धेरै पर्यटक भित्र्याउने अभियानमा सरकार र व्यवसायी दुवै सक्रिय बन्नुपर्छ।

मनन्योग्य

चाणक्य नीति

शकटारलाई चिन्तित देखी चाणक्यले भने-'अमात्य नहडबडाउनुहोस्, केही कुरा छैन। चाणक्यले यो सबै परीक्षा गरेर आएको छ, मेरा पछाडि कुनै गुप्तचर छैन। साथै गुप्तचरलाई कसरी छकाइन्छ भन्ने पनि चाणक्यले जानेको छ।'

चाणक्यका कुराले अमात्य केही निश्चिन्त भए। अनि चाणक्यले भने-'तात ! मध्यरात्रिमा कष्ट दिएकोमा क्षमाप्रार्थी छु। तर, के गरौँ भेट्न जरुरी थियो। त्यस दिनपछि भेष बदलेर अज्ञातबासमा बसेको छु। यस बीमा मैले धेरै सोचेँ र यो निष्कर्षमा पुगेँ। हामीले मगधको भावी राजा खोज्नुपर्छ। जो यस्तो व्यक्ति होस् वीर होस्। नन्दको अत्याचारबाट क्षुब्ध होस् र नन्दसँग प्रतिशोध लिने इच्छा भएको होस्'

शकटारले चाणक्यको यस्तो निर्णायक कुरा सुनी भने-'वत्स ! के तिमी जान्दछौँ तिमी के गर्न लाग्दैछौ ? महामात्य राक्ष छँदाछँदै के यो सम्भव छ ?'

'चाणक्यले जस्तो पनि कदम उठाउँ हेरी-बुझी मात्र उठाउँछ। चाणक्यले आफ्नो मात्र विश्वास गर्छ। राक्षसको चिन्ता व्यर्थ छ। सबैलाई सम्मोहित पारेर आफ्नो काम आरम्भ गर्छ चाणक्य। यो यज्ञका लागि आफ्नो सम्पूर्ण ज्ञान र अनुभवको बलि दिन्छौँ।

यस्तो चाणक्यको कुरा सुनी शकटार विचारमग्न भए। त्यसपछि उनले भने एउटा युवक छ, उसको नाम चन्द्रगुप्त हो। एक पटक म सिकारखेल्न त्यस ठाउँमा गएँ। त्यहाँ त्यो बालकलाई 'राजा र प्रजा' को खेल खेलेको देखेँ। अर बालकभन्दा बलियो पनि र सुरवीर पनि, त्यो राजा बनेको थियो। अकस्मात त्यहाँ एउटा चितुवा आयो। त्यो देखेर अरु सबै बालक भागे। उसले चितुवासँग लड्यो। आफ्ना तरबारले काटी चितुवा माऱ्यो। अनि मैले सोधे-'तिमी यस्तो साहासी कसरी बन्यौ ?' क्रमशः

'स्मार्ट सिटी'को अभ्यास गर्दै बैंगलोर

एकराज पाठक

गएको भदौ २७ गते अपराह्न काठमाडौंको ट्राफिक अकस्मात अस्तव्यस्त भयो। त्रिभुवन विमानस्थलदेखि बानेश्वर हुँदै सोल्टी होटलसम्मको बाटो पूरै खाली गराइएकाले चक्रपथ जाम थियो। काठमाडौंवासी अचम्मित भए। यहाँ जाम त हुन्थ्यो नै तर यसरी घन्टौंसम्म विनासूचना राजधानीका सडक ठप्प भने हुँदैनथे।

समाचार कक्षको फोन र त्यहाँ रहेका साथीहरूका मोबाइलका घण्टी बज्न थाले। प्रश्न थियो- आज काठमाडौंमा केको जाम हो ? अकस्मात धेरै फोन आएपछि हामी पनि छक्क पऱ्यौं। एकैछिनमा फेसबुक पेजहरूमा जिज्ञासा ओइरिएका थिए 'लौन आज काठमाडौं किन यस्तो जाम हो ?' पछि थाहा भयो- त्यसदिन चिनियाँ सभामुख नेपाल आएकाले सडक खाली गराइएको रहेछ। उन आउने समाचार त थियो तर ट्राफिक व्यवस्थापनको सूचना भने कतै थिएन। त्यस दिन नागरिकले दुःख पाए र व्यापक आलोचना गरेपछि ट्राफिक प्रहरीले भोलिपल्ट भने राजधानीको ट्राफिक रुट सार्वजनिक गऱ्यो।

गत वैशाखमा स्थानीय निर्वाचन सुरु भएसँगै काठमाडौं महानगरमा फोहोर थुप्रिन थाल्यो। चुनाव प्रचार हुँदै थियो, उता फोहोर पनि थुप्रिँदै। तर, पार्टीका उम्मेदवारले 'स्मार्ट सिटी' बनाउने नारा र घोषणापत्र प्रचार गर्न भने छाडेका थिएनन्। जनतालाई भने घर अगाडिको फोहोरका डंगुर हटे हुन्थ्यो भन्नेमात्र थियो। चुनाव सकियो, नयाँ नेतृत्व आयो तर फोहोर उठेन। फोहोर फाल्ने गरिएको साइटका नागरिकका माग यताको फोहोरको डंगुरजस्तै बढ्दै गए। काठमाडौं गन्हायो। नागरिकस्तरबाट महानगरको आलोचनाको सीमा रहेन। मानिसले स्वयंसेवीरूपमा फोहोर उठाउन थाले। करिब दुई महिनामा बल्लतल्ल महानगरले उठायो। सायद लामो समयसम्म थुप्रिएको फोहोरबाट पनि अहिलेको कडा खालको डेंगु विकसित भएको हुनसक्छ। यो अनुसन्धान हुन भने बाँकी नै छ।

काठमाडौंभित्रका (सम्भवतः नेपालकै) कुनै पनि अस्पतालले आफ्नो सेवा र अवस्थाका बारेमा आफ्ना वेबसाइटमा जानकारी गराएर अपडेट गरेका हुँदैनन्। आफ्ना अस्पतालमा आइसियू, सिसियू, बेड तथा अरु के-कस्ता सेवा उपलब्ध छन् या छैनन् भन्नेबारेमा केही जानकारी राख्दैनन्। त्यसो गरिदिँदा बिरामीलाई इमर्जेन्सी सेवामा लैजान सजिलो हुन्थ्यो। स्वभावतः मानिस रगत किन्न रक्तसञ्चार केन्द्र नै जान्छन्। रक्तसञ्चार केन्द्रले आफूसँग कुन रगत छैन भन्नेबारेको सूचना आफ्नै वेबसाइटमा अनिवार्यरूपमा राख्नुपर्छ। अपडेट गरिदिए मानिस त्यहाँसम्म दुःख पाउनै पर्दैनथ्यो। यस्तो अभ्यास हामीसँग छैन। नागरिकका आधारभूत आवश्यकताको यो उपलब्धताका लागि आवश्यक यो चेतनास्तरसम्म हामी कहिले पुगौंला ? त्यसको कुनै योजना पनि अझै हाम्रासामु छैन।

सानो सहरका साँघुरा बाटोहरूको व्यवस्थापनको कुनै दिगो योजना छैन। चोभार बस्ने मानिसले आफ्ना छोराछोरीको स्कुल बूढानीलकण्ठतिर राखेको छ, महाराजगञ्ज बस्नेले भक्तपुर या ललितपुरतिर होला। अभिभावक या विद्यालयले पनि बिहान र बेलुकाको कार्यालय समयमा आफ्ना बालबालिकाले सवारी जामको समस्या कस्तो भोगेका छन् भन्ने हेक्का कमै राख्छन्। ट्राफिक व्यवस्थापन राम्रो हुँदो हो त शिक्षा अधिकारी, विद्यालय, ट्राफिक प्रहरी तथा अरु आवश्यक सम्बद्ध सरोकारवालाको समन्वय हुन्थ्यो र बसाइ र विद्यालय व्यवस्थापनको वैज्ञानिक प्रबन्ध हुन्थ्यो।

नेपालका सरकारी अड्डाका बीचमा कामको समन्वय छैन। पहिले सडक पिच या ढलान हुन्छ। त्यसको केही हप्तापछि बिजुली या खानेपानीको योजना आउँछ र त्यही पिच खन्न थाल्छ। बाटो भत्किन्छ तर फेरि त्यो सडक बन्न कति समय लाग्छ पत्तो हुँदैन। त्यसपछि लामो समयसम्म वर्षात्मा हिलाम्मे र हिउँदमा धुलाम्मे हुन्छ।

पूर्वमहानगरप्रमुख विद्यासुन्दर शाक्यले पाँच वर्ष लगाएर निर्माण गरेको 'स्मार्ट सिटी' हो, काठमाडौं। उनी महानगर प्रमुखको उम्मेदवार हुँदा गरिएका वाचामा धेरै कुरा थिए तर महानगर यस्तो बन्यो। त्यसो त यो स्मार्ट सिटी शब्दको अर्थ के हो ? अर्थात् स्मार्ट सिटी कस्तो हुन्छ ? नगर या सहरमा के-के कुराको विकास गर्दा स्मार्ट सिटी बन्छ ? भन्ने विषयको जानकारी नै धेरैलाई छैन। वाचा या घोषणापत्र बनाउने उम्मेदवारले नै स्मार्ट सिटी बुझेको छैन।

बैंगलोर स्मार्ट सिटी लिमिटेडका प्रबन्ध निर्देशक पी राजेन्द्र चोलान नेपालका समाचारबाट त्यति अपरिचित छैनन्। अक्टोबरको तेस्रो साता भारतीय विदेश मन्त्रालयलको निमन्त्रणामा पुगेका नेपाली सम्पादक तथा वरिष्ठ पत्रकारको प्रतिनिधिमण्डलसँग बैंगलोरस्थित सो लिमिटेडको कार्यालयमा उनले नेपाल तथा दक्षिण एसियाली देशका कतिपय नगरप्रमुखले स्मार्ट सिटी बनाउने चर्चा गरेका तर यस्ता सिटी निर्माणका काम भने कमैमात्र भएको सुनेको बताए।

कुनै पनि सहरलाई स्मार्ट सिटीका रूपमा विकास गर्न नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति पहिलो सर्त हुनुपर्ने उनको सुझाव छ। उनको आशय थियो- जबसम्म खाना, शिक्षा, स्वास्थ्यसहितका नगरवासीका आधारभूत आवश्यकताको सम्बोधन गरिँदैन, यी आवश्यकताबाहेकको अर्को स्मार्ट सिटी बन्न सक्दैन। उनको परिभाषामा हाम्रो काठमाडौंको फोहोर व्यवस्थापन, पानीको व्यवस्था, वातावरणीय स्वच्छता, शिक्षा र यसको प्राप्तिका भौतिक सुविधा, खाद्यसुरक्षा (स्वास्थ्यका दृष्टिले), आदि स्मार्ट सिटी निर्माणका प्रारम्भिक पूर्वाधार हुन्।

बैंगलोर स्मार्ट सिटीका प्रमुख इञ्जिनियर विनायक सुगर जसरी नगर महानगरका मेयरहरूले स्मार्ट सिटी बनाउने योजना बनाएका हुन्छन् तीमध्ये ९० प्रतिशतभन्दा बढीलाई त यसको अवधारणा नै थाहा नभएको बताउँछन्। स्मार्ट सिटी त्यस सहरका सबै सरकारी निकायको दरिलो समन्वय तथा प्रदेश तथा केन्द्र सरकारका सही इच्छाशक्तिबाट मात्र निर्माण हुने उनको धारणा छ।

उनीहरूले पहिले त काठमाडौंकै जस्तै सरकारको एउटा निकायले आफ्नो काम सकेर गयो अर्को निकाय आएर सडक भत्काउनेजस्ता आपसमा समन्वय हुन नसकेको अवस्था देखेका थिए बैंगलोरमा पनि। त्यसपछि उनीहरूले नगरसँग जोडिने सबै सरकारी निकायको समन्वय आवश्यक ठाने। उनीहरूका अनुसार त्यसपछिको अर्को सर्त नागरिक तथा सहरका सरोकारवालाको सहयोग हो। स्मार्ट सिटीबाट लाभ लिने नगरवासी आफू लाभान्वित हुन पाएकामा खुसी, जानकार र उत्सुक हुनु जरुरी छ। यदि त्यसो भयो भने उनीहरू थप चासो र योजनाका साथ आउने छन् र उनीहरूका पहलबाट सहर थप राम्रो बन्नेछ। जनसहभागिता र ट्राफिक व्यवस्थापनमा प्रहरीको सहयोगले स्मार्ट सिटी निर्माणमा धेरै सहयोग पुग्ने प्रबन्ध निर्देशक राजेन्द्रको अनुभव छ।

भारतको 'आइटी सिटी' मानिएको बैंगलोरले स्मार्ट सिटी निर्माणको एक उत्कृष्ट अभ्यास गरिरहेको छ। सहरका नागरिकले प्राप्त गर्ने आधारभूत सुविधाको प्राप्तिलाई डिजिटल फर्ममा लगिँदै छ। बसको टिकट काट्न कोही लाइन बस्नुपर्दैन, बसपार्कमा मानिसको भीड हुँदैन। सहरमा रहरलाग्दो हरियाली छ। सडकको दायाँबायाँ मात्र होइन गल्लीगल्लीमा र हरेक घरका अगाडि रुख छन्। घरको रुख हुर्काउने वाचा नगरी घरको नक्सा पास हुँदैन। नक्सा पास भएर घर बनिसकेपछि पनि सरकारी निकायले रुख हुर्काए नहुर्काएको अनुगमन गर्छन्। सहरमा बागबगैँचा ठाउँ-ठाउँमा छन्। अध्ययनका लागि वनस्पति उद्यान छन्। बालबालिकालाई खेल्ने 'चिल्ड्रेन पार्क'हरू छन्। शिक्षा र स्वास्थ्यका सेवा डिजिटल बनिरहेका छन्। शिक्षालय विश्वविद्यालय, अस्पताल आदिका सूचना सहजै उपलब्ध छन्। अपांगतामैत्री सेवा र भौतिक संरचना छन्।

वातावरणीय स्वच्छतालाई प्राथमिकता दिइएको छ। विद्युतीय सवारीलाई प्राथमिकतामा राखिएको छ र यसको प्रवर्द्धनमा सहुलियत दिइएको छ। ट्राफिक व्यवस्थापन सहज छ र विशेष पर्दा सूचना जारी हुन्छ। सरकारी गैरसरकारी निकायका वेबसाइट चुस्त र अद्यावधिक छन्। प्रदूषण मापदण्ड पालनामा कडाइ छ। सिसी क्यामरा अद्यावधिक छन्, सडक बत्तीको भरपर्दो प्रबन्ध छ, पार्किङको व्यवस्थित प्रबन्ध छ। कक्षाकोठा डिजिटल बनिरहेका छन्, घरबाट हुने कामका लागि कार्यालय नधाए पनि हुने बनाइँदै छ।

भारतमा पछिल्लो समय स्टार्टअप (नवप्रवर्तन) निकै बढ्दो छ। यसलाई नागरिकका जनजीविकालाई सहज र छरितो बनाउनेतर्फ बढी प्रयोग गरिँदै छ। 'अहिले ८२ हजार नयाँ नवप्रवर्तन दर्ता छन् र उनीहरूले भारतको डिजिटल रूपान्तरणको काम गरिरहेका छन्,' इन्भेस्ट इन्डियाकी चिफ अपरेटिङ अफिसर प्रिया रावतले भनिन्। यसमार्फत पनि भारतमा लगानीका नयाँ-नयाँ सम्भावना र क्षेत्र पहिचान हुँदै गएका उनको विचार छ। बैंगलोर सहरले त झन भारतकै एक गौरवशाली संस्था इन्फोसिस्को दिमागलाई स्मार्ट सिटीको विकासमा प्रयोग गर्न सक्छ। भारतीय आइटी क्षेत्रकै एक थिंकटचांक बनिरहेको छ इन्फोसिस्, जसको अहिलेको आइटी क्षेत्रको व्यवसाय करिब ७८ अर्ब अमेरिकी डलर बराबरको छ। सफ्टवेयर तथा सेवा कम्पनीको संस्था नेसकमका अनुसार भारतमा दर्ता भएका स्टार्टअपमध्ये बैंगलोरमा मात्र ४० प्रतिशत छन्। यसको सदुपयोग पनि बैंगलोर सहरले गर्न सक्दछ। *रासस*



> वातावरणीय स्वच्छतालाई प्राथमिकता दिइएको छ। विद्युतीय सवारीलाई प्राथमिकतामा राखिएको छ र यसको प्रवर्द्धनमा सहुलियत दिइएको छ। ट्राफिक व्यवस्थापन सहज छ र विशेष पर्दा सूचना जारी हुन्छ। सरकारी गैरसरकारी निकायका वेबसाइट चुस्त र अद्यावधिक छन्। प्रदूषण मापदण्ड पालनामा कडाइ छ। सिसी क्यामरा अद्यावधिक छन्, सडक बत्तीको भरपर्दो प्रबन्ध छ, पार्किङको व्यवस्थित प्रबन्ध छ। कक्षाकोठा डिजिटल बनिरहेका छन्, घरबाट हुने कामका लागि कार्यालय नधाए पनि हुने बनाइँदै छ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

'अतिक्रमित भूमि कूटनीतिक वार्ताबाट फिर्ता ल्याउँछौं'

प्रभाव संवाददाता

डडेल्धुरा– नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले अतिक्रमित भूमि कूटनीतिक र वार्ताका माध्यमबाट फिर्ता ल्याएरै छाड्ने प्रतिवद्धता जनाएका छन् ।

शनिबार गृहजिल्ला डडेल्धुराको अजयमेरु गाउँपालिकाको भद्रपुरमा आयोजित चुनावीसभामा उनले यस्तो प्रतिवद्धता जनाएका हुन् । उनले भारतसित कूटनीति र वार्ताका माध्यमद्वारा भूमि फिर्ता ल्याउने प्रतिवद्धता गरे । उनले प्रतिपक्षी दलका नेताले दार्चुला पुगेर भाषण गरेर लिम्पियाधुरा फिर्ता गर्ने कुरा मात्र गरेको बताए । उनले भाषणले मात्र अतिक्रमित भूमि फिर्ता नहुने बताए । उनले भने, 'केपी ओलीजी दार्चुला गएर लिम्पियाधुरा फिर्ता आउँछ ?' प्रधानमन्त्री देउवाले कूटनीति र वार्ताका माध्यमद्वारा भूमि फिर्ता ल्याउन सकिने हुनाले त्यसका लागि भारतसित आफुहरूले कुरा गर्ने बताए ।

उनले हालको अवस्थालाई मध्येनजर गरेर निर्वाचनपछि पनि गठबन्धनकै सरकार बनाउनुपर्ने आवश्यकता रहेको पनि बताए । उनले समावेशी राजनीति, समावेशी संविधान बचाउन पनि गठबन्धनको सरकार आवश्यक रहेको बताए । उनले भने, 'धेरै लामो लडाईंपछि ल्याएको प्रजातन्त्र, समावेशी संविधान बचाउनुपर्ने आवश्यकता छ ।'

प्रधानमन्त्री देउवाले विगतमा राष्ट्रपतिलाई मध्यराति २ बजे उठाएर संसद् विघटन गरेपछि त्यसका विरुद्धमा गठबन्धन बनेको बताए । त्यसैले चुनावपछि पनि गठबन्धन सरकार बन्ने उनको भनाइ थियो ।

उनले डडेल्धुरामा मेडिकल कलेज स्थापना र विमानस्थल बनाउने आफ्नो योजना रहेको बताए । डडेल्धुरामा गर्भवतीले उपचार नपाएर ज्यान गुमाउनु परेको धेरै केशहरू भएकोले मेडिकल पढाइ पनि यही गर्न कलेज स्थापना गर्न आँटेको उनको भनाई थियो । उनले भने, 'विमानस्थलका विषयमा सम्भाव्यता अध्ययन गरिने र जहाज ल्याएरै छोडिनेछ ।' डडेल्धुराको धेरै विकास भइसकेको बताउँदै अब बाँकी काम पनि आफूले गर्ने प्रतिबद्धता जनाए ।

उनले माओवादी र कांग्रेस मिले सुदूरपश्चिमको विकास छिटो हुने दाबी गर्दै खगराज भट्ट माओवादीको नेता भए पनि उनको र आफ्नो पार्टीका साथी मिल्यो भने सुदूरपश्चिमको विकास हुने बताए । उनले शिक्षा, स्वास्थ्य, खानेपानी र भौतिक पूर्वाधार निर्माणमा जोड पनि दिँदै डडेल्धुराको सबैभन्दा बढी विकास हुन सक्ने जिल्ला भएको बताए ।

गठबन्धनले प्रगतिशील एजेण्डा बोकेको छ : मन्त्री चौधरी

प्रभाव संवाददाता

दाङ– दाङ क्षेत्र नम्बर १ का वाम-लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार एवं सहरी विकास मन्त्री मेटमणि चौधरीले भारी अन्तरले गठबन्धनले चुनाव जित्ने बताएका छन् ।

शुक्रबार देउखुरीमा आयोजित एक कार्यक्रममा मन्त्री चौधरीले गठबन्धनले चुनाव जित्ने आधार पेस गर्दै भने, 'गठबन्धनले प्रगतिशील एजेण्डा बोकेको छ । जनताले ठूलो त्याग र बलिदानी गरी निर्माण गरेको संविधानको रक्षा गठबन्धनको पहिलो शर्त हो । नयाँ संविधानमार्फत प्राप्त भएको संघीय गणतन्त्र, समावेसी प्रणाली, कानुनी राज्यको पक्षमा गठबन्धन उभिएको छ । संविधानको रक्षा र यसको कार्यान्वयनमार्फत विकास निर्माणको अगुवाइ गर्ने हाम्रो प्रतिवद्धता छ । जनताको चाहना पनि त्यही छ । त्यसमाथि पाँच दल एक ढिक्का भएका छौं । उता प्रतिगामी गठबन्धनको अगुवाइ एमालेले गरेको छ । यीनै कारणले गर्दा हाम्रो गठबन्धनले भारी अन्तरले चुनाव जित्दै छ ।'

जनताले संविधान विरोधी तत्वलाई राम्रोसँग चिनिसकेको बताउँदै मन्त्री चौधरीले गठबन्धनलाई जनताले जिताउँने निश्चित रहेकाले पाँच वटै राजनीतिक दल पनि विकास र सम्बृद्धिका लागि जवाफदेही हुनुपर्ने बताए ।

मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROKONMA (M) SB

पूर्व स्वीकृति मिति २०७९/०७/१९ LT. No. 274902 चलानी नं. ६०१९०५०९

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	RM	ने.रू.							
1	Factory Worker (Manufacturing Sec.)	5	0	1500	४१,८१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २७ गते (13th Nov. 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**ः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Sandiya Human Resources Pvt. Ltd.

श्रम ईजाजत नं. १०९७/०७३/०७४

Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

जुवातास खेलिरहेका ६० जना पक्राउ

लमजुङ (प्रस)– सुन्दरबजार नगरपालिका-१ दुरागाउँ बस्ने रूपा दुराको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ४४ वर्षीय राम बहादुर दुरा समेत १३ जनालाई प्रहरीले पक्राउ गरेको छ । उनको घरमा कौडा खेलिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय लमजुङ, इलाका प्रहरी कार्यालय भोटेओडार र प्रहरी चौकी कुन्छाबाट खटिएको प्रहरीले उनीहरूलाई नगद १ लाख ६० हजार १ सय २३ रूपैयाँ र कौडा १६ थान सहित पक्राउ गरेको हो ।

यसैगरी लमजुङ बेसीशहर नगरपालिका-११ चितिस्थित घरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने सुदिप सुयल समेत २५ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । उनको घरमा कौडा खेलिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय लमजुङ, इलाका प्रहरी कार्यालय भोटेओडार र प्रहरी चौकी चितिबाट खटिएको प्रहरीले उनीहरूलाई नगद १ लाख २१ हजार २५ रूपैयाँ र कौडा १६ थान सहित पक्राउ गरेको हो ।

तनहुँ, भानु नगरपालिका-५ सेपाबंगैचा बस्ने ४४ वर्षीय शिव कुमार श्रेष्ठको रक्षा खाजा घरमा जुवातास खेलिरहेको अवस्थामा श्रेष्ठ सहित १५ जनालाई प्रहरीले पक्राउ गरेको छ । उक्त खाजा घरमा कौडा खेलिरहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय भानूबाट खटिएको प्रहरीले उनीहरूलाई नगद १ लाख ८७ हजार ५ सय २० रूपैयाँ र १६ थान कौडा सहित पक्राउ गरेको हो ।

कपिलवस्तु, वाणगंगा नगरपालिका-७ वनगाई बस्ने ४७ वर्षीय रामु भुषालको जुनकिरी होटलमा जुवातास खेलिरहेको अवस्थामा भुसाल समेत ७ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

'लौरो अभियान'ले...

पृष्ठ १ बाट जारी

नआए वा चित्त नबुझे प्रचलित कानुनअनुसार कारबाही हुने उल्लेख छ ।

आयोगले घिमिरे र सुवेदीले गरेको कार्यले मंसिर ४ गते हुने निर्वाचनको स्वच्छता र निष्पक्षतालाई प्रभावित गर्ने र आम मतदातासमेतलाई भ्रमित गर्ने जनाएको छ । स्पष्टीकरणमा थप भनिएको छ, '...आफूलाई अमुक व्यक्तिको समर्थन छ भनी सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गर्दा जानाजान प्रचलित निर्वाचन कानुनको उल्लंघनसमेत भएको देखियो ।'

यसअघि घिमिरे र उनका दलका उम्मेदवारहरूले 'स्वतन्त्रको लौरो अभियान' भनी प्रचारप्रसार गरेका थिए । त्यसबेला आयोगले सचेत गराएको थियो । तर, चुनाव हुन करिब दुई साता छँदा भने घिमिरे र उनका उम्मेदवारहरूले आचारसंहिताविपरीत काठमाडौंका प्रमुखको नाम र तस्बिर जोडेर प्रचार गरेका हुन् । आयोगमा बुझाएको दलीय विवरणमा भने बालेन्द्र हाम्रो नेपाली पार्टीसँग आबद्ध रहेको व्यहोरा उल्लेख छैन । यसप्रति पनि आयोगले चासो दिएको हो ।

आयोगले काठमाडौं महानगरका प्रमुख शाहलाई पनि शनिबार नै 'जय लौरो' नामक फेसबुक पेजसमेतबाट उनको समर्थन रहेको भनी घिमिरेको दल र उनका विभिन्न चुनाव क्षेत्रका उम्मेदवारहरूले गरेको प्रचारप्रसारबारे स्पष्टीकरण सोधेको छ । 'इञ्जिनियर अनन्तराज घिमिरे अध्यक्ष रहेको हाम्रो नेपाली पार्टीसँग तपाईंको कुनै आबद्धता छ, छैन ?,' आयोगको प्रश्न छ ।

प्रमुख शाहको नाम र तस्बिर प्रयोग गरेर मत मागिरहेको अवस्थामा कुनै सहमति भए/नभएको पनि खुलाउन आयोगले भनेको छ । निर्वाचन आचारसंहिताअनुसार स्थानीय तहका जनप्रतिनिधिहरू आफैं आबद्ध भएको दलको चुनाव प्रचारप्रचारमा समेत सहभागी हुन पाउँदैन । नाम र तस्बिर नै प्रयोग गर्नु र गराउनु त झन् आचारसंहिताविपरीतको कार्य हो ।

तर, घिमिरे र उनी नेतृत्वको दलका उम्मेदवारहरू लौरो स्वतन्त्र उम्मेदवारहरूको चुनाव चिह्न भएको र यस चिह्नधारी उम्मेदवारहरूलाई बालेन्द्रको साथ रहेको भन्दै प्रचार गरेर मतदातालाई प्रभावित पार्ने प्रयासमा छन् ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय
बैतडी

दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७९।०७।२०

यस कार्यालयको मिति २०७९।५।३० गते प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखित सूचना नं. र कार्य विवरणसँग सम्बन्धित कार्यको लागि रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरूको मूल्याङ्कन गर्दा तपसिल बमोजिमका दरभाउपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले, स्वीकृतिका लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १० को प्रयोजनको लागि सम्बन्धित सबै दरभाउपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	सूचना नं	कामको विवरण	दरभाउपत्र दाताको नाम र ठेगाना	कबोल अंक रकम रु. (मु.अ.कर र प्रोभिजनल सम समेत)
१.	UDBO/BTD/SQ/W/1/2079/80	Construction Of Bhairabnath Community Building Chhabispathibhara 5 Bajhang	श्री सुचित्रा कन्सट्रक्सन बझाङ्ग	११,२२,४०४।२०
२.	UDBO/BTD/SQ/W/02/2079/80	Construction Of Masta Community Building Chhabispathibhara 3 Bajhang	श्री सुचित्रा कन्सट्रक्सन बझाङ्ग	१५,३५,१९८।४०
३.	UDBO/BTD/SQ/W/03/2079/80	Construction Of Naura Community Building Chhabispathibhara 7 Bajhang	श्री दुनिर खापर कन्सट्रक्सन बझाङ्ग	८,७९,४४२।२९
४.	UDBO/BTD/SQ/W/04/2079/80	Construction Of Suljan Aa.bi School Bungal 6 Bajhang	श्री सैन निर्माण सेवा बझाङ्ग	१४,२०,७२४।२३
५.	UDBO/BTD/SQ/W/05/2079/80	Construction Of Bharani Khola Dhal Nikas Ma.na.pa.5 Darchula	श्री विजय सप्लायर्स एण्ड निर्माण सेवा दार्चुला	६,८६,२८३।७३
६.	UDBO/BTD/SQ/W/06/2079/80	Construction Of Latinath Bazar Rcc Drain Marma 3 Darchula	श्री हटिनाथ निर्माण सेवा दार्चुला	१०,४८,९१५।८५
७.	UDBO/BTD/SQ/W/07/2079/80	Construction Of Mohoti Rcc Drain Ma.na.pa.5 Darchula	श्री हरिकला कन्सट्रक्सन दार्चुला	७,३८,१३६।००
८.	UDBO/BTD/SQ/W/08/2079/80	Construction Of Sautali Rcc & Hdpe Pipe Drain Duhun 1 Darchula	श्री मष्ट मालिका निर्माण सेवा दार्चुला	८,१०,२८४।४०
९.	UDBO/BTD/SQ/W/09/2079/80	Construction Of Shahid Pratishthan Community Building Marma 2 Darchula	श्री गौरी कैलाश तालबन्द निर्माण सेवा दार्चुला	११,६०,०४९।७०
१०.	UDBO/BTD/SQ/W/10/2079/80	Construction Of Chadani Smriti Building Duhun 2 Darchula	श्री मष्ट मालिका निर्माण सेवा दार्चुला	५,६५,५७०।००
११.	UDBO/BTD/SQ/W/11/2079/80	Construction Of Community Lipulek F.m. 99.6 MHR Shailyashikhar7 Darchula	श्री शैल्यशिखर मालिकार्जन निर्माण सेवा दार्चुला	९,१४,२४६।१०
१२.	UDBO/BTD/SQ/W/12/2079/80	Construction Of Bitthad Bharakot Community Building Lekam 1 Darchula	श्री ए.के.निर्माण सेवा दार्चुला	८,६३,२७५।२०
१३.	UDBO/BTD/SQ/W/12/2079/80	Construction Of Shahid Pratishthan Building Marma 2 Darchula	श्री अपि सैपाल मार्मा कन्सट्रक्सन दार्चुला	८,३२,२७८।००

निमित्त कार्यालय प्रमुख

प्रभाव दैनिक

रूपशाला

सेभेन डेज सुपर च्यालेञ्जमा अनुपविक्रम

नेपालको पहिलो एक्सन रियालिटी शो 'सेभेन डेज सुपर च्यालेञ्ज' को होस्टमा अभिनेता अनुपबिक्रम शाही अनुबन्धित भएका छन् । डिएआर मुभिजको फर्म्याटमा निर्माण हुने शोमा विभिन्न क्षेत्रका सेलिब्रेटीहरूको साथमा डिजिटल अडिसनबाट छानिएका अन्य प्रतिस्पर्धीहरूको सहभागिता रहनेछ । यस शोका विजेताले नगद १५ लाख र कार प्राप्त गर्नेछन् । फरक प्रकृतिको यो शो पहिलो पटक एक साथ दुइ वटा टेलिभिजन मार्फत प्रशारणमा आउने भएको छ ।

RISK | CHALLENGES | WIN
RUN RUN RUN
SWEAT | TEARS | PAIN | FUN & GAIN
7 Days
SUPER CHALLENGE
GET READY
Together On
& AP1
STAY TUNED...

आइतबार, २० कात्तिक २०७९ (Sunday, November 6, 2022)

दोस्रो सातामा महापुरुष

अमेरिकामा बढ्यो शो, नेपालमा ‘हाउसफुल’

■ प्रभाव संवाददाता

काठमाडौं– पछिल्लो समय नेपाली फिल्मको लगानी मात्र नभई विदेशी बजारले मुनाफा समेत दिने गरेको छ । नेपालमा राम्रो भनिएका फिल्मलाई विदेशमा हेर्न दर्शक लालायित हुन्छन् । यस्तै विदेशमा पनि केही मेकर्सले आफ्नो विश्वास बढाएका छन् । जसको फिल्म आउना साथ विदेश राइट्स लिने र विदेशमा प्रदर्शन गराउन तत्पर हुन्छन् । यस्तै फिल्म मध्येको एक हो ‘महापुरूष’ ।

जात्रा र जात्रै जात्राको सफलता पश्चात कलाकार रबिन्द्र सिंह बानियाको निर्माण र निर्देशक प्रदीप भट्टराईको निर्देशनमा तयार भएको फिल्मले संयुक्तराज्य अमेरिकामा राम्रो दर्शक पाइरहेको छ । फिल्मलाई अमेरिकामा नेपाल ११ इन्टरटेनमेन्ट एलएलसीले प्रदर्शन गरिरहेको छ ।

नेपालमा पहिलो साता पाँच करोडको हाराहारीमा ग्रस कलेक्सन गर्न सफल फिल्मले अमेरिका प्रदर्शन डलासबाट सुरु गरेको थियो । सिनेपोलिस, युलेसमा हाल चलिरहेका १६ अन्य अङ्ग्रेजी र हिन्दी फिल्मको तुलनामा डलासमा दोस्रो हप्तामा प्रदर्शन भइरहेको ‘महापुरूष’ले बक्स अफिसमा उत्कृष्ट नतिजा देखाएको नेपाल ११ इन्टरटेनमेन्ट एलएलसीका प्रतिक सुवेदीले बताए । ‘नोभेम्बर ४ बाट थप ९ हल थपिदै सोमबारसम्म एट्लान्टा, रेले, डेनभर, ह्युस्टन, अस्टिन, लस एन्जलस, एक्रोनमा दिनको कम्तिमा २ शो नियमित हुनेछ । नेपाली र अमेरिकामा बसोबास गर्ने नेपाली कलाकारहरूको अर्को हब बाल्टिमोर मेरिल्याण्डका दुई थिएटरमा पनि प्रदर्शन हुँदैछ । मेरील्याण्डको होराइजन सिनेमाले बाल्टिमोर एरियामा प्रदर्शन गर्दैछ’, सुवेदीले भने ।

आउँदो हप्तामा यो चलचित्र ग्रीन्सबोरो, सान फ्रान्सिस्को, न्यूयोर्क, ओक्लाहोमा सिटी, न्यु जर्सी, सिएटल, कोलम्बस र क्यानडाका ३ सहरमा रिलिज हुने तयारीमा रहेको समेत उनले बताए । यस्तै, अष्ट्रेलियामा एमएसएम इभेन्ट्सले प्रदर्शन गरिरहेको छ ।

नेपालमा दोस्रो साताको शनिवार पनि विहानै देखि शोहरू हाउसफुल भइरहेका छन् । मोफसलका दर्शकसँग भेटघाट गर्न गरेको टीम काठमाडौं फर्किएर विभिन्न हलमा पुगेर उपत्यकाको दर्शकसँग भेटघाट गर्दैछन् । ‘फिल्मको बारेमा दर्शकले नै राम्रो छ भनेपछि दोस्रो हप्तामा झनै दर्शक बढिरहेका छन् । हामी विभिन्न हलमा पुगेर भेटघाट गर्दैछौं । आज उपत्यकामा फिल्म प्रदर्शन भइरहेको अधिकाँस हलमा पुग्नेछौं’, कार्यकारी निर्माता रवीन्द्र सिंह बानियाँले बताए ।

फिल्ममा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौडेल, रवीन्द्र सिंह बानियाँ, शिरू विष्टसँगै नवप्रस्तुतिमा अरुण क्षेत्री र अञ्जना बराईली मुख्य भूमिकामा रहेका छन् । फिल्ममा एक्लोपनको कथा देखाइएको छ । आदर्शनगरमा बसोबस गर्ने अवकासप्राप्त शिक्षक मार्फत पिता र एलकपुरुषसँगै एक्लोपनकथा फिल्ममा देखाइएको छ ।

भविष्य निर्माण गर्न अलग भइसकेको छोरा, सपना बोकेर अष्ट्रेलिया जान लागेको छोरा र एक्लोपनमा रहेका शिक्षकमार्फत समाजको गम्भीर विषयलाई सरल रूपमा प्रस्तुत गरिएको छ । षट्कोण आर्ट्स प्रा.लि.को व्यानारमा निर्मित फिल्ममा कार्यकारी निर्माता रबिन्द्र सिंह बानियाँ हुन् भने निर्माता दिपेश खत्री रहेका छन् ।

मिसेस् नेपाल युनिभर्सको आवेदन खुल्यो

■ प्रभाव संवाददाता

काठमाडौं– ‘मिसेस् नेपाल युनिभर्स २०७९’ को खोजी सुरु भएको छ । विवाहित महिलाहरूको समग्र शक्तिकरणमा आधुनिक परिवेश र प्रक्रियाको पाटोबाट पहलकदमी गर्दै उनीहरूको व्यक्तित्व, आत्मविश्वास, क्षमताको अभिवृद्धि गर्दै नेतृत्वदायी भुमिका निर्वाह गर्न सक्ने बनाउने उद्देश्यले प्रतियोगीता आयोजना हुन लागेको हो ।

आयोजक जिभा इन्कोरपरेटेडले बिहिबार एक बिज्ञप्ती जारी गर्दै प्रतियोगीताको आवेदन खुल्ला भएको जनाएको हो । समाजको हरेक सेक्टरमा महिलाको प्रभावकारिता, जिम्मेवारी बहनमा निखारता र सक्रिय सहभागितालाई अभिप्रेरित गर्ने हेतुले मिसेस् नेपाल युनिभर्स प्रतियोगीता आयोजना थालिएको आयोजकले जनाएको छ । युहान इन्टरनेसनल इभेन्टस्को सहकार्यमा जिभा इन्कोरपरेटेडको मुख्य आयोजना रहेको प्रतियोगिताको मञ्चबाट प्रतियोगीलाई अन्तर्राष्ट्रिय मञ्चसम्मको यात्रालाई सुनिश्चिता प्रदान गर्नेछ ।

प्रतियोगितामा सहभागीका लागि आवेदन दिनेका लागि नोभेम्बर १२ अर्थात् कार्तिक २६ गते अडिसन प्रक्रिया संचालन गरिनेछ । प्रतियोगिताको लागि विवाहित, डिभोर्सी एवं विवाहित भएर पनि एकल जीवन अगाडि बढाइरहेका महिलाले सहभागिता जनाउन सक्नेछन् ।

MRS. NEPAL
MRS. UNIVERSE

प्रतियोगिताको शिर्ष विजेताले अन्तराष्ट्रिय सौदर्य प्रतियोगीता ‘मिसेस् युनिभर्स’ मा नेपालको तर्फबाट प्रतिनिधित्व गर्न पाउनेछन् । प्रतियोगिताका उपविजेताहरूले समेत मिसेस्सँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन पाउने छ । प्रतियोगिताको परिकल्पना तथा निर्देशन सानु खान हुन् भने कोरियोग्राफी कोरियोग्राफर एवं संचारकर्मी रोजिन शाक्यको रहनेछ ।

बिजुली च्याप्टर-१ को अडिसन आह्वान

काठमाडौं (प्रस)– निर्माणको तयारीमा रहेको फिल्म ‘बिजुली च्याप्टर १’ ले केही कलाकारका लागि अडिसन आह्वान गरेको छ । आगामी २२ कात्तिकमा कान्तिपुर फिल्म एकेडेमीमा हुने अडिसनमा २५ देखि ३० वर्ष उमेरको पुरुष, ३० देखि ३५ वर्षको पुरुष र १८ देखि २८ वर्ष उमेरको महिला कलाकार र अन्य सपोर्टिङ क्यारेक्टर छानिने छ ।


बिजुली
CHAPTER-1
WRITER/DIRECTOR BIKASH GIRI
PRODUCER LUNA KC
ACTORS REQUIREMENT
FOR FEATURE MOVIE "BIJULI"
25-30 AGED MALE
30-35 AGED MALE
18-28 AGED FEMALE
VARIOUS SUPPORTING ACTORS OF
DIFFERENT AGE GROUP AND ETHNICITY

विकास गिरीको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्मकी निर्माता लुना केसी हुन् । विकासको यो डेब्यू निर्देशन हो । बासुकी फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्ममा मुकुन भुसाल, बेनिशा हमाल, कालु राना अनुबन्धित भइसकेका छन् ।

फिल्मको क्रियटिभ प्रोड्युसर केदार भुसाल हुन् । फिल्ममा हरि घले लामाले छायांकन, शंकर धितालको एसोसिएट निर्देशन, आयुष बिसीको मुख्य सहायक निर्देशन हुनेछ । फिल्मको पोस्टर डिजाइन ट्राइडेन्ट कन्सेप्टका रोयल भीमसेनले गरेका हुन् । चार युग सत्य, त्रेता, द्वापर र कलियुग युगको प्रतिनिधि पात्रको कथामा बन्न लागेको फिल्मको अर्को भाग पनि निर्माण गरिने लेखक तथा निर्देशक गिरीले जानकारी दिए ।

‘यो हिन्दू धर्मग्रन्थका पात्रको मोडर्न एडप्टेसन हो,’ निर्देशकले गिरीले भने । हिन्दू धर्मग्रन्थहरू रामायण, महाभारत र भागवत गीताका चरित्रलाई समेटेर फिल्म बनाउन लागिएको हो ।

यू-१५ महिला साफ च्याम्पियनसिप

वर्षाको गोलमा नेपालले बंगलादेशलाई हरायो

काठमाडौं (प्रस)– बंगलादेशमा जारी साफ यू-१५ महिला च्याम्पियनसिप फुटबलमा नेपालले लगातार दोस्रो जित निकालेको छ ।

ढाकामा शनिबार भएको खेलमा घरेलु टोली बंगलादेशलाई १-० गोल अन्तरले हराउँदै नेपालले लगातार दोस्रो जित निकालेको हो । नेपालको जितमा वर्षा ओलीले निर्णायक गोल गरिन् । उनले खेलको ८७ औं मिनेटमा गोल गरेकी थिइन् । यस जितसँगै नेपालले २ खेलमा ६ अंक जोडेको छ ।

नेपाल अंक तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । नेपालले पहिलो खेलमा बिहीबार भुटानलाई ७-० गोल अन्तरले हराएको थियो । बंगलादेश २ खेलमा ३ अंक जोडेर दोस्रो स्थानमा रहेको छ । बंगलादेशले पहिलो खेलमा भुटानलाई ८-० गोल अन्तरले हराएको थियो । अब नेपालले बुधबार भुटान र शुक्रबार पुनः बंगलादेशसँग खेल्नेछ ।

च्याम्पियनसिपमा आयोजक बंगलादेशसँगै नेपाल र भुटानको सहभागिता रहेको छ । डबल राउण्ड रोबिन लिगको आधारमा हुने प्रतियोगिताको शीर्ष टोलीले उपाधि जित्नेछ ।

वीर गणेशमान सिंह राष्ट्रिय टेनिस

प्रदीप र प्रणवको जोडी सेमिफाइनलमा

■ प्रभाव संवाददाता

काठमाडौं – प्रदीप खड्का र प्रणव खनालको जोडीले दोस्रो संस्करणको वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिता अन्तर्गत पुरुष डबल्सतर्फ सेमिफाइनलमा स्थान बनाएका छन् । सातदोबाटोस्थित टेनिस कोर्टमा शनिबार प्रितम परियार र निजिज महर्जनको जोडीबाट वाक्ओभर पाउँदै प्रदीप र प्रणवको जोडीले अन्तिम चारको यात्रा तय गरेका हुन् ।

पुरुष डबल्सतर्फनै राजबिर प्रधान र सक्षम शाहको जोडीले आशिष खड्का र सौगात बिकको जोडीलाई ६-० र ६-३ ले हराएर सेमिफाइनलमा स्थान बनाएका छन् । त्यस्तै पुरुष डबल्समा ऋतिक राना र निशान श्रेष्ठको जोडीले रानभ मानन्धर र निहल थापाको जोडीलाई ६-३ र ६-२ ले हराएर सेमिफाइनलमा स्थान बनाएका छन् ।

केशव गौचन र सौरभ पन्तको जोडीले मनोज महर्जन र सुसल मोक्तानको जोडीलाई ६-२ र ६-२ ले हराएर पुरुष डबल्सतर्फ नै सेमिफाइनलमा स्थान पक्का गरेका छन् । ३५ वर्षमाथिको पुरुष डबल्सतर्फ कमल भण्डारी र यज्ञ भण्डारीको जोडीले मान बहदुर कटुवाल र भिष्म गुरुङको जोडीलाई ६-० र ६-३ ले हराएर अन्तिम चारको यात्रा तय गरे ।

यसै स्पर्धामा राजु क्षेत्री र ईश्वर जिसीको जोडीले अमृत गुरुङ र श्याम जिसीको जोडीलाई ६-४,५-७ र १०-८ ले, सन्तोष खत्री र सिमान्त गुरुङको जोडीले दावा शेर्पा र जितेन्द्र परियारको जोडीलाई ६-३ र ६-३ ले तथा निरेश श्रेष्ठ र बिजय मान तुलाधरको जोडीले डिगेन्द्र श्रेष्ठ र कृष्ण थापाको जोडीबाट वाक्ओभर पाउँदै अन्तिम चारमा स्थान पक्का गरेका छन् । ४५ वर्षमाथिको पुरुष डबल्समा यज्ञ भण्डारी र आशिष सिग्देलको जोडीले नन्द पुन र कृष्ण कौसुलाको जोडीलाई ६-० र ६-० ले तथा सन्जिब श्रेष्ठ र करिमउलल मुस्लिमको जोडीले निरेश श्रेष्ठ र गोपाल मानन्धरको जोडीलाई ६-० र ७-५ ले हराएर क्वाटरफाइनलमा स्थान बनाएका छन् ।

यसै स्पर्धामा रोहित सुनुवार र इब्राहिम मुस्लिमको जोडीले मनोज श्रेष्ठ र शिवराम मगरको जोडीलाई ६-२ र ६-२ ले, शिव सेढाई र हिमाल शाहको जोडीले किरण नेपाल र अमृत रोकाको जोडीलाई ६-१ र ६-१ तथा राजेन्द्र चापागाईको जोडीले ओजेश उपाध्याय र सुनिल नेपालको जोडीलाई ६-४ र ६-४ ले हराएर क्वाटरफाइनलमा स्थान पक्का गरेका छन् ।

५५ वर्षमाथि पुरुष एकमा जीवन घिमिरेले ठाकुर खनाललाई ६-४ र ६-२ ले हराएर क्वाटरफाइनलमा स्थान बनाएका छन् । जुनियरको यू-८ बोइजमा आर्यस राज पौडेलले नदीप प्रसाईलाई, आयन आचार्यले टोनिस श्रेष्ठलाई, भिरल अग्रवालले कायन चालिसेलाई,अरित मल्लले केशर महतलाई, सहंश बस्न्यातले जेम्स तेन्जिङलाई, भिदान्त चालिसेले रिधन श्रेष्ठलाई र इभान भट्टराईले सुर्यनाश कार्कीलाई हराएर क्वाटरफाइनलमा स्थान बनाएका छन् ।

यू-८ गर्ल्समा निम्ति कुँवरले पर्नवी राणालाई तथा नोर्गिमा लामाले थिया श्रेष्ठलाई हराएर सेमिफाइनलको यात्रा तय गरेकी छिन् ।

यू-९ बोइजमा अरित मल्लले नदुप प्रसाईलाई, सुजन कुइकेलले इभान भट्टराईलाई, एलिस गौतमले भिरल अग्रवाललाई, सभ्य जंग कार्कीले भिदान्त चलिलेलाई र कृतन्य शाहले आयन आचार्यलाई हराएर क्वाटरफाइनलमा स्थान बनाएका छन् ।

यू-९ गर्ल्समा स्वरह थापाले आयना भद्रालाई हराएर सेमिफाइनलमा स्थान बनाएकी छिन् । यू-१० बोइजमा सुजन कुइकेलले रिजन राज महर्जनलाई हराएर सेमिफाइनलमा स्थान बनाउदा युभेन मान श्रेष्ठले श्लोक सिंह केसीलाई हराएर सेमिफाइनलमा स्थान बनाएका छन् ।

यू-१० गर्ल्समा शल्भी शेरचनले आयुश्री हजुर घलेलाई हराएर अन्तिम चारको यात्रा तय गरेकी छिन् । यू-१२ बोइजमा स्पन्दन उदासले अमर्त्य शर्मालाई हराएर क्वाटरफाइनलमा तथा गर्ल्समा स्वस्तिका विष्टले कर्मिस्था श्रेष्ठलाई हराएर सेमिफाइनलमा स्थान बनाएकी छिन् ।

यू-१४ बोइजमा अद्रित नेपालले साश्वत बज्राचार्यलाई, बृजेश अर्यालले स्पन्दन उदास र एड्रिन थापाले अम्बक आचार्यलाई हराएर क्वाटरफाइनलको यात्रा तय गरेका छन् । यू-१४ गर्ल्समा अदिति पराजुली, नाला मास्के, समृद्धि महर्जन र स्वस्तिका विष्टले क्वाटरफाइनलमा स्थान बनाएकी छिन् । वीर गणेशमान सिंह स्पोर्ट्स कमिटिको आयोजनामा सुरु प्रतियोगितामा विभिन्न २३ इभेन्ट्समा प्रतिस्पर्धा भईरहेको छ ।

प्रतियोगिताको उद्घाटन प्रमुख अतिथि नेपाल लनटेनिस संघका अध्यक्ष तथा नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष ज्योति राणाले गरे ।

टी-२० पुरूष विश्वकप

अस्ट्रेलिया बाहिरियो, इंग्ल्यान्ड सेमिफाइनलमा

काठमाडौं (प्रस)– इंग्ल्यान्ड आईसीसी टी-ट्वान्टी पुरुष विश्वकप फुटबलको सेमिफाइनलमा प्रवेश गरेको छ । सिड्नीमा शनिबार भएको खेलमा श्रीलंकालाई ४ विकेटले हराउँदै इंग्ल्यान्ड अन्तिम चारमा पुगेको हो । श्रीलंकाले दिएको १ सय ४२ रनको लक्ष्य इंग्ल्यान्डले १९ ओभर ४ बलमा ६ विकेट गुमाएर १ सय ४४ रन जोडेर पूरा गऱ्यो । इंग्ल्यान्डको जितमा एलेक्स हालेसले ४७ रनको योगदान दिए ।

यस्तै बेन स्टोक्सले अविजित रहदै ४२ रन बनाए । कप्तान जोस बट्लर २३ रनमा आउट भए । श्रीलंकाका लाहिरू कुमार, धनन्जय डी सिल्भा र वानिन्दु हसरंगा डी सिल्भाले २/२ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको श्रीलंकाले २० ओभरमा ८ विकेट गुमाएर १ सय ४१ रन बनाएको थियो । श्रीलंकाका लागि पाथुम निसन्काले ६७ रनको अर्धशतकीय इनिङ खेले । भानुका राजपाक्षेले २२ तथा कुशल मेन्डिसले १८ रन बनाए । इंग्ल्यान्डका मार्क उडले ३ विकेट लिए । यस जितसँगै इंग्ल्यान्डले समूह १ बाट दोस्रो स्थानमा रहदै सेमिफाइनलमा स्थान बनाएको हो । इंग्ल्यान्डले ५ खेलमा ७ अंक जोड्यो । यस समूहबाट न्युजिल्याण्ड ७ अंक जोडेर शीर्ष स्थानमा रहदै अन्तिम चारमा पुगेको छ ।

इंग्ल्यान्डको जितसँगै साविक विजेता अष्ट्रेलिया प्रतियोगिताबाट बाहिरिएको छ । श्रीलंकाले जितेको खण्डमा अष्ट्रेलिया अन्तिम चारमा पुग्ने थियो । अष्ट्रेलिया ७ अंक जोडेपनि नेट रन रेटमा पछि पर्दा समूहको तेस्रो स्थानमा रह्यो । यस समूहबाट श्रीलंका, आयरल्याण्ड र अफगानिस्तान समेत बाहिरिएको छ ।

युक्रेनलाई सहयोग गर्न जी–७ समन्वय संयन्त्र स्थापना

बर्लिन– रुस-युक्रेन युद्धका कारण युक्रेनमा देखिएको ऊर्जा, पानीको सङ्कट समाधान गर्ने उद्देश्यले जी-७ राष्ट्रले संयन्त्र बनाउने भएका छन्। अत्यन्त विकसित र औद्योगिक राष्ट्रको समूहले युक्रेनमा देखिएको संकट समाधान गर्न नयाँ तत्परता देखाएका छन्।

'आज हामी युक्रेनमा देखिएको चरम ऊर्जा, पानी र पूर्वाधारको मर्मत, पुनःस्थापना र रक्षा गर्न जी-७ समन्वय संयन्त्र स्थापना गर्दैछौं,' जी-७ विदेशमन्त्रीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। यसैबीच जारी रुस-युक्रेनयुद्धमा मस्कोसँग इरानको गहिरो सैन्य पंक्तिबद्धता देखिएको र चीनको बढ्दो दृढ समर्थन आदिका बारेमा छलफल गर्न जर्मनीले पश्चिमी जर्मन सहर मुएन्स्टरमा दुईदिने बैठक आयोजना गरेको छ। जी-७ का राष्ट्रले रुसलाई तत्काल युद्ध रोक्न र सैन्य सामग्री फिर्ता लिन आग्रह गरेका छन्। उनीहरूले रुसले पछिल्ला दिनमा ऊर्जा क्षेत्रलाई लक्षित गरेर इरान निर्मित ड्रोन र अन्य मिसाइल हतियार प्रयोग गरेर गरेको आक्रमणको कडा शब्दमा निन्दा गरेका छन्। रुसको पछिल्लो आक्रमणबाट करिब ४० प्रतिशत ऊर्जा क्षेत्र तहसनहस भएको र जनता लामो समयसम्म अन्धकारमा बस्नुपर्ने बाध्यता आएको छ।

यसैबीच, युक्रेन र यसका पश्चिमी सहयोगीले इरानले रसियामा 'कामिकाजे' ड्रोन, वा मानवरहित हवाई सवारी पठाएको आरोप लगाएका छन्। उनीहरूका अनुसार त्यसले युक्रेनी पूर्वाधारलाई लक्षित गर्ने हमलामा रूसी सेनाले विनासकारी प्रभाव पार्न प्रयोग गरेको छ।

यसैबीच, युक्रेन र यसका पश्चिमी सहयोगीले इरानले रसियामा 'कामिकाजे' ड्रोन, वा मानवरहित हवाई सवारी पठाएको आरोप लगाएका छन्। उनीहरूका अनुसार त्यसले युक्रेनी पूर्वाधारलाई लक्षित गर्ने हमलामा रूसी सेनाले विनासकारी प्रभाव पार्न प्रयोग गरेको छ। 'हामी मध्य पूर्व र वरपर इरानको निरन्तर अस्थिर गतिविधिको कडा निन्दा गर्छौं। यसमा ब्यालिस्टिक मिसाइलका साथै मानवरहित हवाई सवारी अर्थात् ड्रोन छन् जसको विस्तार र प्रभावले यस क्षेत्रमा अस्थिरता निम्त्याउँछ। चीनको बढ्दो समर्थन, प्रभावका सन्दर्भमा हामी चीनले विवादको शान्तिपूर्ण समाधानको लागि संयुक्त राष्ट्रसंघको बडापत्रको सिद्धान्त पालना गर्न र धम्की, जबरजस्ती, धम्की वा बल प्रयोगबाट टाढा रहनुपर्ने आवश्यकताको स्मरण गराउँछौं। हामी कुनै पनि एकतर्फी जबरजस्तीको विरोध गर्दछौं,' विज्ञप्तिमा भनिएको छ।

जी-७ का राष्ट्र शान्ति स्थिरताको पक्षमा रहेको सबै विषय र क्षेत्रमा देखिएको विवादको शान्तिपूर्ण समाधानको पक्षमा रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ। *रासस/एएनआई*

'युक्रेन युद्ध कूटनीतिले मात्र अन्त्य गर्न सक्छ'

संयुक्त राष्ट्रसंघ– युक्रेन युद्ध वार्ता र कूटनीतिक माध्यमबाट मात्र अन्त्य गर्न सकिने विश्व नेताहरूले बताएका छन्। युद्ध मैदानबाट कुनै पनि पक्ष विजयी नहुने पनि उनीहरूले बताएका छन्। नेल्सन मण्डेलाद्वारा स्थापित 'द एल्डर्स' भनेर चिनिने समूहसँग आबद्ध विश्वका प्रबुद्ध पूर्वनेताहरूले संवाद र कूटनीतिले विनासकारी युक्रेन युद्धको अन्त्य गर्न सक्ने बताएका हुन्। समूहले उक्त सन्देश युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीलाई दिएको तथा द्वन्द्वबाट बाहिर निस्कने उपायबारे विचार गर्न सुझाएको समूहका अध्यक्ष आयरल्याण्डकी पूर्वराष्ट्रपति मेरी रोबिन्सनले बताएकी छन्।

मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको रूपमा सेवा गरिसकेकी उनले दुवै पक्षमा सैन्य हतियार बढाउने होडबाजीको अन्त्य गर्न अपरिहार्य भएको बताउँदै त्यसमा विचार गर्न अनुरोध गरिएको एपीका वरिष्ठ अधिकारीलाई बताए। समूहले युक्रेनमाथि रूसले गरेको आक्रमणलाई संयुक्त राष्ट्रंघको बडापत्रको स्पष्ट उल्लंघन, विश्व शान्ति र सुरक्षालाई अस्थिर बनाउने अनुचित कार्य भन्दै त्यसको निन्दा गरेको छ। रूसको युक्रेनका चार क्षेत्रलाई अवैधरूपमा आफूमा विलय गरेकामा त्यसको पनि समूहले निन्दा गरेको छ। युक्रेनले आफ्नो क्षेत्र र सार्वभौमिकताको रक्षा गर्ने अधिकारको रक्षा गरेको समूहको ठहर छ।

राष्ट्रसंघका पूर्वमानवअधिकार आयुक्त जेइद राद अल हुसेनले युद्धबाट बाहिर निस्कने कूटनीति र वार्ता नै एकमात्र उपाय भएको बताउँदै उनले रूसी आक्रमणको सिकार बनेको युक्रेनलाई आफ्नो सार्वभौमसत्ता त्याग भन्न नसकिने परिस्थिति उत्पन्न भएको यथार्थ प्रस्तुत गरे।

वर्तमान द्वन्द्वको समाधान ' अर्को दिशाबाट' हुनसक्ने संकेत गर्दै उनले पश्चिमा शक्तिहरू रूसप्रति केही नरम भएमा निकास निस्कन नसक्ने बताए। उत्तर एटलान्टिक सन्धि संगठन (नाटो) तर्फ संकेत गर्दै उनले त्यसो भनेका हुन्।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि लामो समयदेखि पश्चिमी गठबन्धनले आफ्नो सिमानानजिक युद्ध धकेलेको गुनासो गर्दै आएको सन्दर्भ जोड्दै उनले त्यसो भनेका हुन्। मेक्सिकोका पूर्वराष्ट्रपति अर्नेस्टो जेडिलोले युरोपेली संघ र संयुक्त राज्य अमेरिकाले रूसमाथि आर्थिक प्रतिबन्ध लगाए पनि युद्धका निम्ति वित्तीय सहायता जारी रहेको तथा उसले तेलबाट पनि राजस्वको ठूलो हिस्सा प्राप्त गरिरहेको बताए। रूसले नरसंहार, युद्ध अपराध र मानवताविरुद्धको अपराध गरेको आरोप लगाउँदै उनले अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट त्यसको छिनोफानो गर्नुपर्ने बताए। *रासस/एपी*

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMJAD AYED KHALAF AL SHAMMARI CAFE TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७९/०४/१७ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/१९ LT. No. 268302 चलानी नं. ६०१८४४१४

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Kitchen Worker	1	0	1200	४२,२५०	श्र.नि. अनुसार	८ घण्टा	६ दिन	श्र.नि. अनुसार	छ		२ वर्ष
2	My Coffee	2	0	1200	४२,२५०							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक २७ गते (13th Nov. 2022) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. License 1218/074/075

Mansur Manpower Pvt.Ltd.

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com,
mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

मोटरसाइकल हराएको सूचना

श्री जय प्रकाश ढुङ्गानाको नाममा रहेको ।। निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७९।०७।०२ गते का.म.न.पा.-२९, मैतीदेवी स्थित रोडको पाकिङ्गबाट बेलुकी ६:४५ बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

प्रकार – 220F Pulsar
बाई नं. Bagmati Province 02 035 Pa 6509
चेसिस नं. MD2A13EX6MCG94400
इन्जिन नं. DKXCMG28378
रङ्ग – कालो निलो
सम्पर्क – 9841969763

शुभप्रवा सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ लि.
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं. ४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं

कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०७/२०

यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीले यस संस्थासँग कर्जा लिंदा कर्जा तमसुक लगायतका लिखतहरूमा उल्लेखित शर्त बन्देजहरू बमोजिम साँवा/व्याज रकम समय समयमा भुक्तानी गर्नुपर्नेमा नतिरी, नबुझाई तोकिएको भाखा अवधिभित्रको शर्त तथा कबुलियत नामामा उल्लेखित नियमहरू उल्लंघन गर्नु भएकोले बक्यौता (साँवा/व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक-पटक मौखिक तर/ताकेता गर्नुका साथै पटक-पटक पत्रद्वारा जानकारी गराउँदा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा पनि वेवास्ता गरिएकोले यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त समयभित्र आफ्नो सम्पूर्ण साँवा/व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। माथि उल्लेखित समय अवधि भित्र ऋणीले कर्जा नतिरेमा जमानीकर्ता आफैंले उक्त कर्जा लिँदा गरेको व्यक्तिगत धनजमानी, लिखतका कबुल शर्तअनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्न जाने हुँदा कर्जासँग सम्बद्ध सबै पक्षहरूलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। तोकिएको अवधिभित्र पनि साँवा/व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य बिद्यमान कानुनमा व्यवस्था भएअनुसार ऋणीले कर्जा लिँदा कर्जा सुरक्षण बापत लेखी दिएको धितो लिलाम बिक्री गरी कर्जा असुलउपर गरिनुका साथै कालो सूचीमा समावेश गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	साक्षी/जमानीको विवरण	धितो विवरण
नाम थर : वुनु राई **बाबुको नाम** : धन बहादुर तामाङ **ससुराको नाम** : शिव बहादुर राई **पतिको नाम** : धन कुमार राई **स्थायी ठेगाना** : साविक कपन गा.वि.स.३, काठमाडौं **हालको ठेगाना** : बुढानीलकण्ठ न.पा.७, हेपाली हाइट, काठमाडौं 	**नाम, थर** : धन कुमार राई **स्थायी ठेगाना** : खोटाङ जिल्ला बाकाचोल गाविस वडा नं.१ **हालको ठेगाना** : बुढानीलकण्ठ न.पा.७, हेपाली हाइट, काठमाडौं **नाम, थर** : सिद्धार्थ राई **ठेगाना** : काठमाडौं जिल्ला बुढानीलकण्ठ न.पा.७, हेपाली हाइट, काठमाडौं 	**घर/जग्गाधनीको** **नाम थर** : वुनु राई **ठेगाना** : काठमाडौं जिल्ला इचंगुनारायण वडा नं.६ **कित्ता नं** : ४३६ **क्षेत्रफल** : १२३.२१ व.मि.

शुभप्रवा सेभिङ एण्ड क्रेडिट को–अपरेटिभ लि.
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं. ४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं

कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०७/२०

यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीहरूले यस संस्थासँग कर्जा लिंदा कर्जा तमसुक लगायतका लिखतहरूमा उल्लेखित शर्त बन्देजहरू बमोजिम साँवा/व्याज रकम समय समयमा भुक्तानी गर्नुपर्नेमा नतिरी, नबुझाई तोकिएको भाखा अवधिभित्रको शर्त तथा कबुलियत नामामा उल्लेखित नियमहरू उल्लंघन गर्नु भएकोले बक्यौता (साँवा/व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक-पटक मौखिक तर/ताकेता गर्नुका साथै पटक-पटक पत्रद्वारा जानकारी गराउँदा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त समयभित्र आफ्नो सम्पूर्ण साँवा/व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। माथि उल्लेखित समय अवधि भित्र ऋणीहरूले कर्जा नतिरेमा जमानीकर्ता आफैंले उक्त कर्जा लिँदा गरेको व्यक्तिगत धनजमानी, लिखतका कबुल शर्तअनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्न जाने हुँदा कर्जासँग सम्बद्ध सबै पक्षहरूलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। तोकिएको अवधिभित्र पनि साँवा/व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य बिद्यमान कानुनमा व्यवस्था भएअनुसार ऋणीहरूले कर्जा लिँदा कर्जा सुरक्षण बापत लेखी दिएको धितो लिलाम बिक्री गरी कर्जा असुलउपर गरिनुका साथै कालो सूचीमा समावेश गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

ऋणीहरूको विवरण	धितो विवरण
नाम थर : अनुपन सापकोटा **बाबुको नाम** : अम्बिका प्रसाद सापकोटा **बाजेको नाम:** देवीचरण सापकोटा **पत्नीको नाम** : आशा घिमिरे **स्थायी ठेगाना** : बलखु-८, ओखलढुंगा **हालको ठेगाना** : ललितपुर म.न.पा.१४, ललितपुर, सुनाकोटी 	**घर/जग्गाधनीको** **नाम थर** : अनुपन सापकोटा **ठेगाना** : ललितपुर म.न.पा., वडा नं.५ फ **कित्ता नं** : ४३९ **क्षेत्रफल** : ०-१-२-१ **कित्ता नं** : ४४१ फ **क्षेत्रफल** : ०-२-२-२
नाम थर : उत्तक ब. कार्की **बाबुको नाम** : दल ब. कार्की **बाजेको नाम:** गडुल ब. कार्की **पत्नीको नाम** : कृष्ण माया कार्की **स्थायी ठेगाना** : लिखु तामाकोशी गा. पा, रामेछाप **हालको ठेगाना** : भक्तपुर-५, डबु 	**घर/जग्गाधनीको** **नाम थर** : उत्तक ब. कार्की **ठेगाना** : बिष्णु, बुढानिलकण्ठ वडा नं.९ क **कित्ता नं** : ४६८ **क्षेत्रफल** : ०-१०-०-०

वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला - ९३,१००	प्रति तोला - ९२,६००	प्रति तोला - १२२५

छानैभरि खुर्सानी...



जाजरकोट – त्रिपुरासुन्दरी नगरपालिका-४ रङ्ग डोल्पाकी रमिता कुलालको घरको छत राताम्य भएको छ। माटो र ढुङ्गाको मिश्रणबाट निर्माण गरिएको घरको छानामा सुकाइएको स्थानीय जातको खुर्सानीले रङ्ग गाउँका छाना राताम्य देखिएको हो।

कुलालका अनुसार १८ क्विन्टल खुर्सानी बारीमा उत्पादन भएको छ। कुलालले भने, 'हाम्रो यहाँको खुर्सानी रुकुमपश्चिम, जाजरकोट र डोल्पा जिल्लाभरिलाई पुग्छ। भोटाने खुर्सानी (मच्य) भनेर चिनिने हामीले उत्पादन गरेको यो खुर्सानी धेरै बिक्री हुँने गर्दछ।' कुलाल जस्तै सरस्वती बुढाको घरमा यसबर्ष १२ क्विन्टल खुर्सानी उत्पादन भएको छ। अहिले उत्पादिन खुर्सानी सुकाउने र भण्डारण गर्ने काम चलिरहेको छ। वैशाखमा लगाएको खुर्सानी असोज, कात्तिक महिनामा टिपेर सुकाउने काम चलिरहेको बुढाले बताए। अग्लो डाडामा रहेको रङ्ग गाउँ सडक सञ्जालसँग जोडिएको छ। अधिकांश माटो प्रयोग गरेर निर्माण गरिएका यहाँका घरका छत खुर्सानी सुकाउनका लागि उपयुक्त हुने गरेको बुढाले जानकारी दिए।

भेरी करिडोरअन्तर्गत जाजरकोट-डोल्पा सडकखण्डको बीचमा पर्ने रङ्ग गाउँ खुर्सानीको रातो रङ्गले हिउँदयामको कात्तिक र मङ्सिर महिनाभरि छत राता हुने गर्दछन्। आधुनिक प्राविधिकभन्दा पनि स्थानीय जातकै खुर्सानी सबैले मन पराउने र माग बढी हुने भएपछि आफूहरू ले त्यहीअनुसार खुर्सानी खेतीतर्फ लागेको स्थानीय कालीबहादुर बुढाले बताए।

यहाँ दुई सय १४ घरधुरी रहेका छन्। तत्कालीन सुँ गाविसको वडा नं ७, ८ र ९ लाई समेटेर त्रिपुरासुन्दरी नगरपालिकाको वडा नं ४ बनेको छ। पूर्ववडा सदस्य हरिवान बुढाका अनुसार वडाभरि खुर्सानी राम्रो उत्पादन हुने गर्दछ। सानो रबरको एक जग खुर्सानी बिक्री गर्दा रु ७० पर्ने गर्दछ। एक क्विन्टल बिक्री गर्दा रु सात हजार दुई सय पर्ने गरेको बुढाले बताउनुभयो। खुर्सानी बिक्री बाट स्थानीयले झण्डै रु दुई लाखजति आम्दानी गर्ने गरेको उहाँको भनाइ छ।

गाउँमा बाट ढुवानीका साधनबाट त्रिपुराकोटस्थित बगरमा रहेका बजारमा बिक्री गर्ने गरिएको छ। सिँचाइ सुविधा सबै ठाउँमा नपुगेका कारण सोचेजति खुर्सानी उत्पादन गर्न मुस्किल हुँदै आएको स्थानीयवासी बताउँछन्। नगरपालिका र अन्य निकायले व्यावसायिकरूपमा खेती गर्दै आएका किसानका लागि अनुदानको व्यवस्था, सिँचाइको व्यवस्था गरिदिए सहयोग पुग्ने स्थानीय भावना बुढाले बताउनुभयो। रङ्ग गाउँ खुर्सानी मात्र होइन, स्याउको पनि स्थापित मानिन्छ।

मध्य डोल्पामा पर्ने त्रिपुरासुन्दरी स्याउ, ओखर र खुर्सानीका लागि चर्चित हुँदै आएको छ। त्रिपुरासुन्दरी नगरपालिकाबाट खुर्सानी खेतीका लागि कुनै कार्यक्रम नभएको कृषि शाखाका जगतबहादुर रोकायले बताए। स्याउ र ओखरका लागि मात्र बजेट विनियोजन गरी काम भएको उनले बताए। *रासस*

अरुणखोला–दुम्किबास सवस्टेसन निर्माण प्रक्रिया सुरु

■ प्रभाव संवाददाता

नवलपुर– नवलपरासी पूर्व विनयी त्रिवेणी गाउँपालिकामा सवस्टेसन निर्माणको प्रक्रिया सुरु भएको छ। उक्त गाउँपालिकाको वडानं २ मा निर्माण गरिने अरुण खोला दुम्किबास १३२ केभि सवस्टेसन आयोजनाको लागि जग्गा अधिग्रहणको काम सम्पन्न भएको आयोजना प्रमुख रञ्जननाथ गुरुङले बताए।

सवस्टेसन निर्माणका लागि आवश्यक चार बिघा जमिनको मुआब्जा वितरणको काम सकिएको उल्लेख गर्दै उनले एसियाली विकास बैंकको सात मिलियन अमेरिकी डलर सहयोगमा दुई वर्षभित्र निर्माण गरिने हुने यस आयोजनाका लागि ठेकेदार कम्पनी छनोट गरी सम्झौताको काम अगाडि बढिसकेको जानकारी गराए।

हाल बर्दघाटबाट ह्वाङ्सी सिमेन्ट उद्योगसम्म आएको १३२ केभि प्रसारण लाइनमा डबल सर्किटको सवस्टेसन निर्माण गरिनेछ। सवस्टेसन निर्माणपछि मध्यबिन्दु नगरपालिका र उक्त गाउँपालिकाका उपभोक्ताले भोग्नुपरेको भोल्टेजसम्बन्धी समस्या समाधान हुनेछ।

हाल उक्त नगरपालिकाको गिरुवारी खोलापूर्व क्षेत्रमा प्रगतिनगर सवस्टेसन र पश्चिमतर्फ बर्दघाट सवस्टेसनमार्फत विद्युतीकरण हुँदै आएको छ।

अब सवस्टेसन निर्माणपछि गिरुवारी खोला पश्चिमका साथै उक्त नगरपालिका र गाउँपालिकामा सोही स्टेसनबाटविद्युत प्रशारण हुनेछ।

हाल यहाँका बासिन्दाले कम भोल्टेजका कारण समय समयमा विद्युत् अवरुद्ध हुने समस्या झेल्दै आएका छन्।

सवस्टेसन निर्माणले स्थानीय उपभोक्ताले भोग्नुपरेको समस्या सामाधानसँगै स्थानीयस्तरमा लगानीको वातावरणसमेत तयार हुने गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले बताए। हाल यस गाउँपालिकामा उद्योग तथा व्यवसाय स्थापनाका लागि आउने व्यवसायीको संख्या उल्लेखनीय रहेको उनले जानकारी दिए।

'गाउँपालिकाभित्र सञ्चालित देशकै ठूलो सिमेन्ट उद्योगसहित यहाँ सञ्चालित अन्य उद्योग त यसै पनि लाभान्वित हुन्छन्,' अध्यक्ष गिरीले भने, 'नयाँ व्यवसाय गर्न चहाने व्यवसायीलाई पनि आवश्यक पूर्वाधारको उपलब्धता भए लगानीमैत्री वातावरण अवश्य बन्छ।'

नेपालबाट १ अर्ब ३३ करोडभन्दा बढीको चिया र कफी निर्यात

काठमाडौं (**प्रस**) – नेपालले चालु आर्थिक वर्ष २०७९/८० को पहिलो तीन महिनामा १ अर्ब ३३ करोड रूपैयाँभन्दा बढीको चिया र कफी विभिन्न देशमा निर्यात गरेको छ। भन्सार विभागका अनुसार २०७९ सालको साउन, भदौ र असोज महिनामा उक्त मुल्य बराबरको चिया र कफी नेपालले निर्यात गरेको हो।

उक्त तीन महिनामा नेपालले १ अर्ब ३३ करोड ९९ लाख २६ हजार रूपैयाँको ५७ लाख ८५ हजार ९०७ केजी चिया र कफी नेपालले निर्यात गरेको विभागले जनाएको छ। बितेको तीन महिनामा १ करोड ९९ लाख ७२ हजार रूपैयाँको कफी र १ अर्ब ३१ करोड ९९ लाख ५४ हजार रूपैयाँको चिया नेपालले निर्यात गरेको छ। नेपालबाट 'ग्रिन टी' र 'ब्ल्याक टी' निर्यात हुने गरेको छ।

चालु आर्थिक वर्षको पहिलो तीन महिनामा नेपालको कफी अष्ट्रेलिया, अष्ट्रिया, जर्मनी, हङकङ, भारत, इटाली, जापान, दक्षिण कोरिया, स्वीट्जरल्याण्ड, ताइवान र अमेरिका निर्यात भएको छ। उक्त अवधिमा अष्ट्रेलिया, अष्ट्रिया, क्यानडा, चीन, भारत, चेक रिपब्लिक, इस्टोनिया, फिनल्याड, फ्रान्स, जर्मनी, हंगेरी, जापान, दक्षिण कोरिया, लिथुवानिया, नेदरल्याण्ड्स, न्युजल्याण्ड, स्वीट्जरल्याण्ड, बेलायत, अमेरिका, रोमानिया, रुस र नामिबिया गरी विश्वका २२ देशमा नेपालको चिया निर्यात भएको विभागले जनाएको छ।

अघिल्लो आर्थिक वर्ष २०७८/७९ को पहिलो तीन महिनामा नेपालले १ अर्ब ४ करोड ५० लाख ७० हजार रूपैयाँको चिया तथा कफी निर्यात गरेको थियो।

कालीगण्डकीमा र्‍याफ्टिङ

पर्वत (**प्रस**) – कालीगण्डकी नदीमा नियमित र्‍याफ्टिङ सञ्चालन हुने भएको छ। साहसिक खेलमार्फत पर्यटक भित्र्याउन लागि परेको हार्नेस जीप लाइन तथा एड्भेन्चर रिसोर्टले र्‍याफ्टिङ सञ्चालनलाई निरन्तरता दिने थालेको हो। बिहीबार इजरायलदेखि आएका समूहलाई जलयात्रा गराउँदै र्‍याफ्टिङका लागि परीक्षणसमेत गरेको कम्पनीले छोटो दूरीमा जलयात्रा गर्न चाहनेले दुई घण्टा र लामो यात्राका लागि दुई देखि तीन दिनसम्मको यात्रा गराउने भएको छ।

'अहिले कालीगण्डकी नदीमा र्‍याफ्टिङले निरन्तरता पाउन सकेको छैन। अब भने साउने बहरमा रहेको हार्नेस रिसोर्टदेखि र्‍याफटिङ सुरु हुनेछ', कम्पनीका सञ्चालक नरेन्द्र केसीले भने, 'स्याङ्जा, पर्वत र गुल्मी जिल्लाको सिमानामा रहेको कालीगण्डकी 'ए' जलविद्युत् परियाजनाको जलाशय मिर्मीमा पुगेर यात्रा टुङ्गिन्छ।' उक्त नदीमा पोखराका आधा दर्जन कम्पनीमार्फत र्‍याफ्टिङ सञ्चालन हुँदै आएको थियो। अब भने हार्नेस कम्पनीले कुश्माबाट नै र्‍याफटिङको सुविधा उपलब्ध गराउने सञ्चालक सुनिल बानियाँले जानकारी दिए। उनका अनुसार सफल परीक्षण सकिएको हुँदा हप्ता दिनभित्रै र्‍याफ्टिङका लागि बुकिङ खुल्ला गरिने छ।

र्‍याफ्टिङका लागि इजरायल, अमेरिका, युरोपलगायत देशबाट पर्यटक आउने गरेका छन्। विदेशीसँगै स्वदेशी पर्यटकसमेत कालीगण्डकीमा र्‍याफ्टिङको मज्जा लिन आइपुग्छन्।

तालपोखरामा बढे आन्तरिक पर्यटक

■ प्रभाव संवाददाता

पाल्पा – पूर्वी पाल्पाको रामपुरमा रहेको तालपोखरामा आन्तरिक पर्यटक बढ्न थालेका छन्। सामाजिक सञ्जाल फेसबुकदेखि टिकटकसम्म पोस्ट भएका तालपोखराका तस्बिर र भिडियोका कारण आन्तरिक पर्यटक बढ्न थालेका हुन्। आन्तरिक पर्यटक बढ्दै जाँदा तालपोखरामा डुङ्गाबाट हुने आम्दानी पनि बढ्न थालेको छ। हाल दैनिक दुई सयदेखि तीन सयसम्म आन्तरिक पर्यटकहरू त्यहाँ पुग्ने गरेका छन्।

फेवातालको झल्को दिने तालपोखरामा बेलाबखतमा परिवारसहित घुम्न आउने गरेको शौरभ सिं ठकुरीले बताए। 'ताल वरपर घुम्दा निकै रमाइलो लाग्छ, यो मलाई फेवाताल जस्तै लाग्छ, प्रचारप्रसार गर्न सकियो भने यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ', उनले भने।

पछिल्लो डेढ महिनामा मात्र आन्तरिक पर्यटकबाट रु दुई लाख ५० हजार बराबरको आम्दानी भएको तालपोखरा संरक्षण समितिका सचिव सुनिल देवकोटाले बताए। उनका अनुसार दसैं र तिहारका अवसरमा करिब रु एक लाख ५० हजार बराबरको आम्दानी टिकट बिक्रीबाट मात्रै भएको छ।

यहाँ रहेका पाँच वटा डुङ्गामध्ये दुई वटा काठका डुङ्गा नियमित सञ्चालन भइरहेका छन्। तीन वटा डुङ्गा बिग्रेर मर्मत गर्नुपर्ने अवस्थामा छन्। आन्तरिक पर्यटक बढेसँगै अब बिग्रिएका डुङ्गा मर्मत गरी पाँचवटै डुङ्गा चलाउने समितिको तयारी छ। हाँस आकारको डुङ्गा चढ्दा प्रतिव्यक्ति रु एक सय र

काठको डुङ्गा चढ्दा प्रतिव्यक्ति रु ५० टिकट कायम गरिएको छ। यहाँ २०७४ माघदेखि डुङ्गा चलाउन सुरु गरिएको हो। यहाँ शनिबार र सार्वजनिक विदाका दिन, विशेष चाडपर्वमा आन्तरिक पर्यटकको खचाखच रहन्छ।

नियमितरूपमा हरेक समय पानी व्यवस्थापन गर्न सकियो भने वार्षिक रु १५ लाख बराबरको कमाई गर्न सकिने समितिको अनुमान छ। सदरमुकाम तानसेनदेखि करिब ६५ किलोमिटर पूर्वमा रहेको रामपुरमा तालपोखरा नै घुम्न भनेर बाहिरबाट विभिन्न सङ्घ संस्थाको समूह आउँदा यसले सकारात्मक सन्देश प्रवाह गरेको तालपोखरा संरक्षण समितिका अध्यक्ष सागरप्रसाद देवकोटाको भनाइ छ। 'सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुन्छ, व्यापक प्रचारप्रसारले तालपोखराका कारण रामपुरलाई चिनाउने राम्रो अवसर मिलेको छ, यो एउटा उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलका रूपमा चिनिएको छ', उनले भने।

तालपोखरमा दसैं, तिहार, माघेसङ्क्रान्ति, शिवरात्रि, नयाँवर्षका अवसरमा ठूलो भिड लाग्दछ। अन्य समय पनि परिवार, साथीभाईसहित ताल वरपर घुम्नेको उत्साह देखिन्छ। मनोरञ्जन गर्ने र आफन्त, साथीभाई भेटघाट तथा घुमघामस्थलका रूपमा लिइएको छ। तालको मनमोहक सुन्दर दृश्यावलोकन गर्न पटकपटक एउटै व्यक्ति पनि आइरहने र रामपुरमा कोही नयाँ व्यक्ति आयो भने यहाँ घुम्न लिएर आउने राम्रो संस्कारको विकास भएको डुङ्गा चालक दिपेन्द्र भट्टराईले बताए।

तालको मनोरम दृश्यले सबैलाई लोभ्याएको हुन्छ। यहाँ सेल्फीजोनको व्यवस्था गरिएपछि तालका बीचमा रहेको मन्दिरलाई पृष्ठभूमिमा राख्दै फोटो, भिडियो खिचाउने, टिकटक बनाउनेको रौनक देखिन्छ। तालसम्म पुग्ने पक्की सडक सुविधा भएकाले रामपुर भित्रने जो कोही पनि तालपोखरा घुम्न पुगेकै हुन्छ।

सानो उमेरमा पानी जमेको सामान्य खालको पोखरी अहिले पर्यटकीय क्षेत्रका रूपमा विकास हुँदा रामपुरकै गहना बनेको रामपुर नगरपालिका-६ का वडाध्यक्ष दिवाकर देवकोटाको भनाइ छ। उनले तालको पर्यटन बिस्तारका लागि नगरपालिकाले बजेट उपलब्ध गराउँदै बताए।

सामान्य पानी जम्ने खाडललाई यहाँका स्थानीयवासीले पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने परिकल्पनासहित पूर्वाधार निर्माण सुरु गरेका हुन्। कृत्रिम ताल भए पनि अहिले कालीगण्डकीवेशीकै अवलोकनयोग्य ठाउँका रूपमा विकसित भएको छ। तालको बीच भागमा जलेश्वर महादेवको मन्दिर निर्माण गरिएको छ। यहाँ शिवरात्रिमा समितिले विशेष पूजाआजासहित मेला आयोजना गर्दै आइरहेको छ।

ताल करिब ४५ रोपनी क्षेत्रफलमा ताल फैलिएको छ। समितिको नाममा ताल र पार्कसहित करिब ७५ रोपनी जग्गा छ। पार्कमा पूर्वाधार विकास गर्नुपर्ने आन्तरिक पर्यटक तथा स्थानीयको सुझाव छ। समितिले पार्कमा आवश्यक पूर्वाधार तयार पार्ने योजना बनाएको छ। तालका रूपमा विकास गर्न श्रीमद्भागवत धनधान्याञ्चल ज्ञान महायज्ञ आयोजना गरेर विसं २०६६ बाट पूर्वाधार विकासको काम सुरु गरी पर्यटकीय क्षेत्रका रूपमा विकास गरिएको हो।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ